महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

## रामग्राम नगरपालिका, नवलपरासी

## ८०५४७४०२३००

## रामग्राम नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पश्चिम

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८०/८१ मिति : २०८०-७-१९

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,

रामग्राम नगरपालिका, नवलपरासी ,

रामग्राम नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पश्चिम

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा परीक्षण गरी तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । कार्यालयबाट नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमा संलग्न गरेको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा सोही कानूनमा व्यवस्था भए बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

राम प्रसाद उपाध्याय
निर्देशक

बोधार्थ तथा कार्यार्थः

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं- प्रतिवेदन संलग्न छ ।, info@mofaga.gov.np

कोष तथा लेखा नियन्त्रक कार्यालय,नवलपरासी(बर्दघाट सुस्ता पश्चिम), प्रतिवेदन संलग्न छ ।, parasicfo@gmail.com

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-**

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १८ वडा रहेको छ भने क्षेत्रफल १२८.३२ वर्ग किलोमिटर तथा ६४ हजार १ सय ५० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२९ देखि २०८०।६।४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको गत बर्षको जिम्मेवारी रु. ३२,६०.५५.१३६।७८ यस बर्षको आय रु. १,०७,७९,८८,७७३।३१ यस बर्षको खर्च रु. १,२३,६२,८०,५७९।९८ र यस बर्षको बचत रु. १५,७७,६३,४३०।११ गरि कुल रु. १,३९,४०,४३,९१०।०९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २०,७५०। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | भ्रमण भत्ता बढि भुक्तानी | १३६०० |
| २ | बैंठक भत्ता बढि भुक्तानी | ७१५० |
| ३ | अनुगमन भत्ता असुल | १७८५ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२०,५७,१२,३२६, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४,६३,०००, युवा तथा खेलकुद कार्यक्रम रु. ६,९८,८०३ र लैगिंक सशक्तिकरण तथा मुलप्रवाहीकरण कार्यक्रम रु.३,८९,३९४ समेत गरी रु.२०,७२,६३,५२३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.३१,५१,४७,८३२।७८ मौज्दात रहेकोमा यो वर्ष रु.३१,६०,५५,१३६।७८ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.९,०७,३०४।०० बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६,६५,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ६,००,९०,२६०।४६ अर्थात अनुमान भन्दा ९.६ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७६,९४,३१,५९३।६ | ६,००,९०,२६०।४६ | ७.८% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.८ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६ **पेश्कि फर्स्यौट**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले तयार गरेको पेश्कीको विवरण अनुसार निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.८,४९,००० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.८४९०००।- फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | म्याद ननाघेको | म्याद नाघेको | फछ्र्यौटको अन्तिम म्याद |
|---|---|---|---|---|---|
| २०७९/०४/०१ | रावन खण्डा घोलाको कच्ची तटबन्ध निर्माण कार्य | पाठक कन्षट्रक्सन | | 158800.00 | २०८०/०३/३१ |
| २०७९/०४/०१ | व्यवसायीक भवन तथा बाल उद्यान पार्क निर्माण शान्तीचौर शिशमघारी | पाठक कन्षट्रक्सन | | 691000.00 | २०८०/०३/३१ |
| २०७९/०८/१५ | बडगो अधुरो सडक पिच गर्ने कार्य वडा नं. १८ | पाठक कन्षट्रक्सन | 502326.00 | | २०८०/०३/१५ |
| २०७९/१२/०९ | जोकवार देखि करमैनी वडा नं. ९ मा सडक स्तरोन्नती गर्ने कार्य | कार्की - पुजा जे.भी. | 3200000.00 | | २०८०/०१/१४ |
| २०८०/०१/२४ | तटबन्ध तथा अन्य संरचना निर्माण | जयसवाल कन्स्ट्रक्सन | 998000.00 | | २०८०/०२/२८ |
| | जम्मा | | ४७००३२६ | ८४९८०० | |

| | |
|---|---|
| पेश्की | ८,४९,८०० |

७ **गत बिगतको पेश्कि**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार गत विगत बर्षदेखि निम्न पदाधिकारी तथा उपभोक्ता समितीहरुको पेश्कि हालसम्म पनि फस्यौट नभएकाले नियमावलीको व्यवस्था बमोजिम समयमानै पेश्कि फस्यौट गर्नुपर्दछ ।

| क्र.सं. | पेश्कीकोविवरण | पेश्कीलिनेको नाम | पदाधिकारीको पद | म्याद नाघेको |
|---|---|---|---|---|
| 1. | अन्य सार्वजनिक निर्माण | दल बहादुरचौधरी | वडाअध्यक्ष | 25000 |
| 2. | अन्य सार्वजनिक निर्माण | धन कलापाण्डे | वडाअध्यक्ष | 15000 |
| 3. | अन्य सार्वजनिक निर्माण | प्रेमप्रसाद चाधरी | वडाअध्यक्ष | 1000 |
| 4. | अन्य सार्वजनिक निर्माण | मालती देबीचौधरी | वडाअध्यक्ष | 1000 |
| 5. | अन्य सार्वजनिक निर्माण | सीता मगर | महिला वडासदस्य | 2000 |
| 6. | अन्य सार्वजनिक निर्माण | हरीरामबनिया | वडाअध्यक्ष | 9000 |
| **जम्मा** | | | | **53000** |
| **व्यक्तिगत** | | | | |
| 7. | अन्य सार्वजनिक निर्माण | कसिया टोल बिकास संस्था | अध्यक्ष | 30000 |
| 8. | अन्य सार्वजनिक निर्माण | चन्द्रागढीटोल बिकास संसथा | | 8000 |
| 9. | अन्य सार्वजनिक निर्माण | नेपालबिध्दुत प्राधिकरण | | 1144782 |
| 10. | अन्य सार्वजनिक निर्माण | नवदुर्गा टोल बिकास संस्था | | 8000 |
| 11. | अन्य सार्वजनिक निर्माण | भगवती टोल बिकास संस्था | | 40000 |
| 12. | कार्यक्रम खर्च | रमेशप्रसाद यादव | भू.पू. नगरउपप्रमुख | 7867 |
| 13. | अन्य सार्वजनिक निर्माण | रामग्रामटोल बिकास संस्था | अध्यक्ष | 26198.48 |
| 14. | अन्य सार्वजनिक निर्माण | रामग्रामदलित टोल बिकास संस्था | | 57000 |
| 15. | अन्य सार्वजनिक निर्माण | संगम टोलबिकास संस्था | | 4900 |
| | **जम्मा** | | | 1326747.48 |
| | **कुल जम्मा(व्यक्तिगत र पदाधिकारी)** | | | १३७९७४७४।४८ |

सैद्धान्तिक बेरुजु

८ **समपूरक अनुदान**

समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७५ दोस्रो संशोधन को बुँदा नं ६ मा संघ तथा प्रदेशले स्थानीय तहलाई योजनाको लागतको अधिकतम ५० प्रतिशत सम्मको रकम अनुदान प्रदान गर्न सक्ने प्रावधान छ ।कार्यालयलाई समपुरक अनुदानको रुपमा प्राप्त रकमबाट निर्मित आयोजनाहरुको रकम भुक्तानी गर्दा लागतको ५० प्रतिशत मात्र खर्च लेखी बाकी रहेको अनुदान रकम संघीय सरकारलाई फिर्ता गर्नु पर्ने हुन्छ । पालिकाले जोकवार देखि करमैनी वडा नं ९ को सडक स्तरोन्नतीका लागि यो वर्ष संघीय सरकारबाट प्राप्त समपुरक अनुदान रु.१५००००००।- प्राप्त गरेको छ । योजनाको लागि यो वर्ष रु.१,५०,००,०००।- खर्च भएकोले ५० प्रतिशत संघीय अनुदानबाट र बाँकी पालिकाको आफ्नो स्रोतबाट व्यहोर्नु पर्नेमा सबै भुक्तानी संघीय अनुदानबाट दिएको पाइएकोले संघीय अनुदानतर्फ बढी खर्च भएको रु.७५०००००।- संघीय सञ्चित कोषमा फिर्ता गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७५,००,००० |

९ **बजेट सिमा निर्धारण समिती**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको गरेता पनि सोही बमोजिम कार्य गरेको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १८ वडाको लागि वडागत र पालिकास्तरका कुल ५५७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | वडा/पालिकास्तरीय | ५५७ | ९८ | १२७ | ३३२ |

ससाना टुक्रामा बिभाजन भएका योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४९० योजनामात्र कार्यान्वयन भई ६७ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६०५३१४३३।०० | ४३९८६७२९।५० | ७२.६७% |
| २ | पूर्वाधार विकास | ५६४०२८१६५।०० | ३३२८६०३०८।५९ | ५९.०१% |
| ३ | सामाजिक विकास | ३६७५७३९१५।०० | ३१०५६२८९०।१० | ८४.४९% |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५१२६१२९२।०० | २१९९८७९६।४१ | ४२.९२% |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | २२६०७८४३५।०० | १८५१३९८०५।३० | ८१.८९% |
| जम्मा | | १२६९४७३२४१।०० | ८९४५४८५२९।८० | ७०.४६% |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८४.४९ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ४२.९२ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१३ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको भएतापनि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना र बजेटको बिचमा तालमेल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आवश्यक पूर्वाधार तथा निर्माण कार्यमा रु.७० लाख अबण्डा बजेट व्यवस्था गरी ३३ योजनामा रु.६८,६३,७०३। खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.६,००,९०,२६०।४६ राजस्व बाँडफाँड रु.१६,२०,८३,०९८।०५ र अनुदानबाट रु.६०,८८,५४,७३५ समेत रु.८३,१०,२८,०९३आम्दानी भएकोमा चालु तर्फ रु ४९,८७,८६,५४५।५५र पूँजिगत तर्फ रु ३९,५७,६१,९८४।३५ समेत रु. ८९,४५,४८,५२९।९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.२,००,६०,६५३ खर्च भएको छ जुन आन्तरिक आयको ३३.४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.०१ प्रतिशत चालु र ३९.९९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **चौमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु. हजारमा) | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | ३९,५७,६२ | ५,५४,०२ | १०,४३,३० | २३,६९,३० | ८,१६,५० |
| प्रतिशत | ५९.५४% | १३.९% | २६.४% | ५९.७% | २०.६% |

प्रथम त्रैमासिकमा रु. ५,५४,०२,४१३।६८ (१३.९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १०,४३,२९,५७४।४८ (२६.४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. २३,६९,२९,९९६।१९ (५९.७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ८,१६,४९,९४०।१६ (२०.६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **तलबि प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | स्थानीय तहका कर्मचारीहरुको तलवी प्रतिवेदन जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र भएपनि पालिकाले यो वर्ष शिक्षकतर्फको तलब राष्ट्रिय किताबखाना (शिक्षक) बाट र स्वास्थ्यतर्फका एवं पालिकातर्फको कर्मचारीहरुको तलबी प्रतिवेदन नगरसभाबाट पारित गराई स्वास्थ्य तर्फको कर्मचारीको रु.३,४४,४०,३८६।२७ र पालिकातर्फको कर्मचारीको रु.४,१६,५४,१७७।२७ समेत रु.७,६०,९४,५६३।५४ खर्च लेखेको छ ।कानून बमोजिम तलवी प्रतिवेदन पास गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **दरबन्दि पदपूर्ती**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि.डि.ई. सहित ३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **शिक्षक दरबन्दि**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । रिक्त दरवन्दीमा पदपूर्ति गर्न पालिकाले समयमै मागपत्र पठाउनु पर्दछ ।

| क्र.सं | विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ३२ | १५४ | १४९ | २३ | ९६९३ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा निर्माण कार्यको भुक्तानी गरी कट्टा गरिएको रिटेन्सन मनि निर्माण व्यवसायीलाई भुक्तानी गर्दा आन्तरिक राजस्व विभागको परिपत्र अनुसार निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सम्बन्धित आय बर्षकोकर चुक्ता प्रमाण पत्र र मु.अ.कर समायोजना समेतकव प्रमाण लिएर मात्र धरौटी फिर्ता गर्न पर्ने उल्लेख छ । कार्यालयले अभियन्ता कनस्ट्रक्सन प्रा.लि.लाई निर्माण कार्यको धरौटी फिर्ता दिँदा मूल्य अभिवृद्धि कर समायोजन र कर चुक्ता प्रमाणपत्र पेश नगरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ । परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण वेगर रु.५३५५११।- धरौटी फिर्ता दिने कार्य मनासिव देखिएन । कार्यालयले निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सो अनुसार नगरी फिर्ता गरेकोले आवश्यक प्रमाण विना फिर्ता भएकाले तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,३५,५११ |

२१ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार गरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.२४,७२,६४५ आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ६,००,९०,२६०।४६ को ४.२ प्रतिशत हुन आउँछ ।आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२२ **कानून निर्माणको स्थीती**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ४ वटा ऐन, ४ कार्यविधि र १ वटा निर्देशिका लगायत ९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । कार्यालयको काम कारवाहीलाई व्यवस्थीत बनाउन आवश्यक अन्य कानून निर्माण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२३ **न्यायीक समिती**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप भएको ५१ विवाद दर्ता भएकोमा ४५ वटा मात्र फर्स्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। यस नगरपालिकाले उपलब्ध

गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका २० वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाईयो भने बाँकी १२ वटा सहकारीले उक्त विवरण दाखिला गरेको देखिएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार गरेको देखिएता पनि सहकारीहरुलाई आवश्यक सल्लाह सुझाव र निर्देशन दिने गरेको देखियो । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **जिन्सी निरिक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गरेको देखिन्छ । यसलाई निरन्तरता दिनुपर्दछ ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

· नियमावली अनुसार जिन्सी निरीक्षण टोलीमा भण्डार जिम्मेलिने वाहेको व्यक्ति हुनुपर्नेमा भण्डार हेर्ने कर्मकारी समावेश गरेको र नियमावलीले तोकेको व्यहोरा खुलाई प्रतिवेदन नलेखी जिन्सी निरीक्षण फाराममात्र भरेको छ ।

नियममा व्यवस्था भए बमोजिम जिन्सी व्यवस्थापन र निरीक्षण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **फोहोरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।पालिकाले टोल टोलबाट सङ्कलन गरेको फोहरजन्य पदार्थहरु स्थानीय नदी किनारमा जम्मा गर्ने र समय समयमा जलाउने गरेको जानकारी हुन आयो । यसबाट नदी तथा वातावरण प्रदुषित भई मानव तथा अन्य जीवमा समेत नकारात्मक असर पर्ने भएकोले समयमै ल्याण्डफिल साईट तयार गरी उचित व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु


https://nams.oag.gov.np

२८ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।

· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी आयोजना बैंक खडा गरेको देखिएन ।

· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

· जिन्सी निरिक्षण प्रतिवेदनमा चालु हालतमा नरहेको, मर्मत गर्नु पर्ने तथा लिलाम गर्नुपर्ने भनि उल्लेख गरिएको जिन्सी सामग्रीहरुको कारवाही गरेको देखिएन ।

· कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

· पालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन भएको भनि अनुगमन भत्ता भुक्तानी भए तापनि अनुगमन निरिक्षणको क्रममा देखिएको व्यहोराहरु प्रतिवेदनमा खुलाउने गरेको पाईएन ।

· वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

· व्यवसायीहरुको अभिलेख अद्यावधिक गरी करको दायरामा नल्याएको ।

· कार्यालयमा जडान भएको सफ्टवेयरहरुको जिन्सी दाखिला गर्ने नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **अवलोकन भ्रमण**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २४ मा स्थानिय तहले योजना तथा कार्यक्रम तर्जुमा गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा योगदान पुर्याउने उत्पादन मुलक तथा वित्तीय प्रतिफल दिन सक्ने ,जनताको जीवस्तर, आम्दानी र रोजगार सिर्जना हुने

विषयलाई समेट्नु पर्ने व्यवस्था छ । पालिकाले उल्लेखित व्यवस्थालाई ध्यान नदिई निम्न अनुसार अवलोकन भ्रमण गरेको देखियो । ऐनमा व्यवस्था भए बमोजिम योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ ।

| **भौचर नम्बर** | **विवरण** | **भ्रमण/व्यय** | **रकम** |
|---|---|---|---|
| १३१/ ६/१० | जेष्ठ नागरिक सम्मान कार्यक्रम | रुपन्देही रोहणी | १,९९,९०४/- |
| १८५/ ६/२७ | प्राविधिकहरुको टेक्निकल भ्रमण | इलाम, झापा | २,००,०००/- |
| १०३५/ ३/६ | प्रधानध्यापक शैंक्षिक अवलोकन भ्रमण | चितवन, इलाम | २,००,०००/- |

सैद्धान्तिक बेरुजु

३० **अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक बर्षमा निम्न बमोजिमका कार्यहरुमा निम्न उल्लेखित रकम खर्च गरेको देखिन्छ । उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्दा यस बाट पालिकाको दिर्घकालिन हित हुने किसिमका कार्यक्रमहरु सुनिश्चित नहुने हुनाले यस्ता कार्यक्रमहरु नियन्त्रण गर्नुपर्दछ ।

| भौ.नं. | मिति | कार्यक्रम | रकम |
|---|---|---|---|
| ४९१ | १०/६ | हुइल चियर | ९८,०००/- |
| ५०३ | १०/७ | दुर्गा खेलकुद तथा मेला आयोजना समिति | १,२०,०००/- |
| ५०४ | १०/७ | दुर्गा प्रव्य समिति | १,००,०००/- |
| ५४२ | १०/२४ | माघी पर्व उत्सव | १,००,०००/- |
| ५४७ | १०/२५ | काजक्रिया | ४,१४,०००/- |
| ६२२ | ११/२१ | न्यानो कपडा (कपडा) | १,४६,७०५/- |
| ६०० | ११/१२ | काज क्रिया | २,६०,०००/- |
| १११४ | ३/१७ | गणतन्त्र दिवस | २९,३८०/- |
| ९९९ | २/३१ | क्यालेन्डर छपाई | १,४३,९९०/- |
| ९५२ | २/१९ | कृषि सामाग्री गोदाम नजिकको मन्दिरलाई रंगरोगन तथा मर्मत | ४९,९०८/- |
| ११८३ | ३/२१ | बाँके बिहारी भजन टोली | ९०,२८७/- |
| २०८ | ५/४ | झोला तथा टि शर्ट छपाई | ५६,१५२/- |
| १५५ | ६/१४ | तिज मेला व्यवस्थापन समिति | ४२,०००/- |
| १७१ | ६/२७ | सस्कृत तथा धार्मिक व्यवस्थापन युश क्लब अफ परासी | १,८०,०००/- |
| १७६ | ६/२८ | ६ नम्बर वडामा दुर्गा प्रज्य | १००,,०००/- |
| १८३ | ७/२ | तीज दरखाने (शशक्तिकरण नेपाल) | ३०,०००/- |
| २०८ | ७/४ | झोला तथा टि सर्ट छपाई | ५६,१५२/- |
| २२३ | .... | छठघाट व्यवस्थापन | ३०,०००/- |
| २७२ | ५/२२ | चङ्गा तथा धागो | ९९,९३४/- |
| ३५१ | ८/२२ | थोम प्रशिक्षण | ५०,०००/- |
| ३९८ | ९/१४ | हर्डिक्स वितरण | १,६२,४३०/- |
| ४१८ | ९/२१ | दशैँ मेला व्यवस्थापन | ६०,०००/- |
| ४६३ | १०/५ | गर्भवती र सुत्केरी आमालाई पौष्टिक आहार वितरण | २८,११,१४४/- |

सैद्धान्तिक बेरुजु

३१ **अनुगमन खर्च**

स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धि कानुनमा संशोधन र एकिकरण गर्न बनेको विधेयक, २०७६ को नियम ९ बमोजिम पदाधिकारी तथा सदस्यहरुले कार्यालयको कामको सिलसिलामा आप्नो कार्यक्षेत्र र सम्बन्धित जिल्ला बाहेक नेपाल भित्र र नेपाल भ्रमण गर्दा मात्र स्थानिय आन्तरिक स्रोत समेतको आधारमा मात्र भत्ता पाउने उल्लेख छ । निम्नानुसार पदाधिकारीहरुले आफ्नो कार्य क्षेत्रको योजना अनुगमन गरे वापत भत्ता बुझेको नियमित नदेखिएको रु

| भौ.नं. | मिति | बैठक भत्ता |
|---|---|---|
| ६६१ | ०७९/११/२६ | १,९४,०००/- |
| ११७५ | ०८०/०३/२१ | २,००,०००/- |
| ११८८ | ०८०/०३/२१ | १,८१,०००/- |
| १२६६ | ०८०/०३/२२ | ६६,०००/- |
| १२७५ | ०८०/०३/१३ | १,३४,०००/- |
| **जम्मा रु.** | | **७,७५,०००/-** |

| | |
|---|---|
| अनियमित भएको | ७,७५,००० |

३२ **कर्मचारी बैंठक भत्ता**

अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम् कार्ययोजना बेगर बैठक बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्ययबस्था रहेको छ । उल्लेखित व्यवस्था बेगर कार्यालयले देहायका भौचरबाट विभिन्न समितीहरुको बैंठक भत्ता बापत निम्न उल्लेखित रकम भुक्तानी दिएको पाइयो । बैंठक भत्ता प्रदान गर्दा कार्यसञ्चालन निर्देशिकाको पालना गरि यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

| भौ.नं. | मिति | बैठक भत्ता |
|---|---|---|
| ६२ | ६/२ | १,७१,०००/- |
| ६९ | ६/२ | ४८,०००/- |
| १०१ | ६/८ | १,१९,५००/- |
| १०५ | ६/८ | १६,८००/- |
| १७४ | ६/२७ | १,७७,०००/- |
| १७८ | ६/२५ | २८,०००/- |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३ **मु.अ.कर विजक**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७७ दफा १९ अनुसार बीस हजार भन्दा बढी सामाग्रीको खरिद गर्दा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेको व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्न अनुसार भौचर नम्बर र मितिबाट निम्न फर्म सबै खरिद गरेका सामाग्रीहरु मुल्य अभिवृद्धि कर दर्ता भएको सप्लायर्स फर्म खरिद गरेको देखिन्छ । ऐनको व्यवस्था विपरित भएको खरिद कार्य नियम सम्मत नदेखिएको रु.

| भौचर नं. | मिति | सप्लायर्स | रकम |
|---|---|---|---|
| ८२ | ६/४ | मदिना अटो पार्टस एण्ड सर्भिस | ३२,०००/- |
| २५८ | ७/२८ | सिद्धि इलेक्टोनिक्स | ३९,८९५/- |
| ३६१ | ९/११ | वि.एम. स्टोर्स | २८,१४०/- |
| ३८७ | ९/१३ | राजु आर्टस | ३८,४५०/- |
| ४५६ | १०/३ | सावित्री रेष्टुटेन्ट | ३६,१९०/- |
| ४७१ | १०/५ | सुदिप किचन एण्ड गिफ्ट हाउस | ३१,१००/- |
| ४९८ | १०/७ | सिद्धार्थ बुक्स एण्ड स्टेशनरी | ३७,५००/- |
| १३०३ | ३/२४ | कोलिरा खबर | २०,०००/- |
| १२१४ | ३/२२ | डट कम हाउस | २२,९२०/- |
| ११६८ | ३/२१ | रिता इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स सेन्टर | ३६,७००/- |
| जम्मा | | | ३२२८९५ |

| अनियमित भएको | ३,२२,८९५ |
|---|---|

### ३४ सम्झौता विपरित भुक्तानी

भौ.नं. १०७२ मिति २०८०/०३/१३ बाट दिदीबहिनी कोसेली घरलाई सम्झौता बुदा नं. ५ बमोजिम स्थानीय स्तरका आमा समूह दिदि बहिनीहरुको स्थानिय स्तरको वस्तु उत्पादन गर्ने र बजार सम्म ल्याई आय आर्जन गर्ने जस्ता व्यवसायमा उनिहरुलाई प्रोत्साहन गर्नुपर्ने उल्लेख भएतापनि कुनै पनि आमा समूह गठन नभएको नगरपालिकाको अनुगमन समितिबाट अनुगमन नभएको र सम्झौता विपरित आय आर्जन गर्ने उधोगहरुबाट सामान खरिद गरी व्यक्तिगत पसलको नामबाट सम्झौता विपरित भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु

| अनियमित भएको | १,८१,११८ |
|---|---|

### ३५ मुल्याङ्कन समितको बैठक भत्ता

सरकारी खर्चमा मितव्ययित मापदण्ड¸ २०७८ मा नियमित कामको लागि बैठक भत्ता प्रदान नगरिने तर, कानून बमोजिम गठन भएका समितका लागि बैठक भत्ता भुक्तानी गर्न बाधा नपर्ने उल्लेख छ । यो वर्ष पालिकाले बोलपत्र¸ शिलवन्दी दरभाउपत्र र आय ठेक्का समेत ७० वटा ठेक्काको लागि सूचना प्रकाशन गरेको विवरण पेश गरेको छ ।पालिकाले यो वर्ष देहायका गोश्वरा भौचरबाट रु.१७६१०००।- मुल्याङ्कन समितिको लागि बैठक भत्ता खर्च लेखेको छ । सार्वजनिक खरिद नियमावलीमा बोलपत्र मुल्याङ्कन समितिमा कार्यालय प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत (संभव भएसम्म प्राविधिक कर्मचारी)¸ आर्थिक प्रशासन साखाका प्रमुख¸विषयसँग सम्बन्धित प्राविधिक विशेषज्ञ. दरबन्दी भएमा कानून अधिकृत र खरिद इकाइ प्रमुख रहेने उल्लेख भए पनि विभिन्न तहका कर्मचारीहरुलाई विषय विज्ञ/आमन्त्रितको रुपमा समावेश गरी भत्ता खर्च लेखेको छ । अधिकांश बैठक कार्यालय समयभन्दा आगाडी र पछाडी तथा विदाको दिन उल्लेख भएको र केही बैठकको समय खुलेको देखिएन ।अत: पालिकाले तत्कालिन अवस्थाको वस्तुस्थिति¸ उपलब्ध जनशक्तितथा कार्यबोझ समेतको आधारमा मुल्याङ्कन गरी उक्त बैठक भत्ताको औचित्य यकिन गर्नुपर्ने देखिएको रु.

| गो.भौ. | मिति | खर्च लेखेकोखाता | रकम |
|---|---|---|---|
| १०१ | २०७९।६।८ | नगरपालिकाचालु खाता | १९९५०० |
| २३५ | २०७९।७।२१ | नगरपालिकाचालु खाता | ७६५०० |
| २६२ | २०७९।७।२८ | नगरपालिकाचालु खाता | १४७००० |
| २८३ | २०७९।८।११ | नगरपालिकाचालु खाता | ११२५०० |
| ३५२ | २०७९।८।२२ | नगरपालिकाचालु खाता | ११५५०० |
| ३५८ | २०७९।८।२३ | नगरपालिकाचालु खाता | ७८००० |
| ६३३ | २०७९।११।२२ | नगरपालिकाचालु खाता | १४८५०० |
| ६४६ | २०७९।११।२२ | नगरपालिकाचालु खाता | १५०००० |
| ४६९ | २०८०।२।४ | नगरपालिकापुँजीगत खाता | ७५००० |
| २० | २०८०।२।१७ | प्रदेशसरकारबाट हस्तान्तरित कार्यक्रम | १२१५०० |
| ५२९ | २०८०।२।२४ | नगरपालिकापुँजीगत खाता | ९९००० |
| ५४० | २०८०।२।२५ | नगरपालिकापुँजीगत खाता | २४०००० |
| ५५४ | २०८०।२।२९ | नगरपालिकापुँजीगत खाता | ९६००० |
| १२०१ | २०८०।३।२१ | नगरपालिकाचालु खाता | १०२००० |
| | | **जम्मा** | **१७६१०००** |

| प्रमाण पेश नगरेको | १७,६१,००० |
|---|---|

३६ **मर्मत खर्च**

सवारी साधनको मर्मत गर्दा म.ले.प फाराम नं ४१४ वमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई मर्मत सम्वन्धी कार्य गर्ने र मर्मत गरिएका सामानको म.ले.प. फाराम ४१५मा अभिलेख राखी खर्च लेख्नु पर्दछ ।पालिकाले यो वर्ष मोटर साईकल, स्कुटर, गाडी, लगायतका सवारी साधन मर्मतमा रु.४८,४६,८१८।- खर्च गरेको छ ।पालिकाले केही सवारी साधन मर्मत गर्दा मर्मत आदेश स्वीकृत गरेपनि अधिकांश मर्मत उक्त आदेश स्वीकृत नगरी र तत्सम्बन्धी अभिलेख समेत नराखी विलमात्रको आधारमा भुक्तानी दिएको पाईयो । सबै साधन मर्मत गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत अभिलेख अद्याबधिक गर्दै खर्च लेख्नेतर्फ पालिकाले तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **अन्य कार्यालय खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च ( खर्च रु. ९१,५४,५६८/-जुन कुल आन्तरिक आय रु.६,००,९०,२६०।४६ को १५.२३ प्रतिशत हुन जान्छ) मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौ.नं. | मिति | कार्यालय/संस्था | रकम |
|---|---|---|---|
| ८ | ४/२५ | जिल्ला प्रशासन कार्यालय | ५७,९६९/- |
| ९ | ४/२५ | सशस्त्र प्रहरी बल | १५,७०७/- |
| १११ | ६/८ | जिल्ला प्रहरी कार्यालय | ३,००,०००/- |
| १२४ | ६/९ | सशस्त्र प्रहरी बल | २,८४,२९३/- |
| १८६ | ७/३ | जिल्ला प्रशासन | ४६,३५०/- |
| २१२ | ७/६ | समाजवादी ट्रेड युनियन माहासंघ | ५,०००/- |
| २७६ | ८/१ | नेपाल नेतृत्व संघ | १०,०००/- |
| ३७९ | ९/२२ | जिल्ला अपाङ्ग खेलकुद संघ | ९८,,५००/- |
| ४२२ | ९/२२ | नेपाली सेना | ४,९९,११५/- |
| ४३५ | ९/२९ | जिल्ला हुलाक कार्यालय | १,४०,५१८/- |
| ५०२ | १०/७ | हाइकिकर्स तेकन्दो डोजाङ | ४९,९४६/- |
| ५४३ | १०/२५ | नेपाल पत्रकार माहासंघ | २,९५,१५७/- |
| ५४८ | १०/२५ | रामग्राम महिलि जेसिज | १५,०००/- |
| ११५७ | ३/२१ | जनजाती माहासंघ | १५,०००/- |
| ५६० | १०/२१ | चम्कीपुरमा महान दर्शन नेपालको मर्मत सम्भार | ९९,६००/- |
| ९६१ | २/२४ | महिला भवन निर्माण मर्मत कार्य लक्ष्मीपुर टोल | ९८,४७९/- |
| ४६१ | ९/४ | हाइकिकर्स तेकन्दो डोजाङ | २५,०००/- |
| ८५१ | १।१४ | नवलपरासी जिल्ला अदालत ट्रस्ट निर्माण | ५०००००/- |
| ११९ | ७।२८ | रेडक्रस भवन निर्माण | ७०००००/- |
| १७६ | ९।२८ | अमरवन रेडक्रस फर्निचर खरिद | १०००००/- |
| ५५८ | २।३१ | आदर्श सहकारी गेट निर्माण | ४८६२४७/- |
| २९,१७२ | ४।१०,९।२७ | उद्योग वाणिज्य संघ पूर्वाधार निर्माण | १८९९७८७/- |
| ५८१ | ३।५ | पत्रकार महासंघको भवन निर्माण | ९७६९१३/- |
| ३०१ | १२।५ | रेडक्रस सोसाइटिको शौचालय निर्माण | ९७७०९/- |
| ५२ | ४।११ | रेडक्रस सोसाइटिको भवन निर्माण | ५०००००/- |
| ११८ | ७।२८ | रेडक्रस सोसाइटिको भवन निर्माण वडा नं १२ | ४२३३६२/- |
| ४०४,६११ | १।१४,३।१२ | बदालत परिसरमा सेवाग्राहीलाई प्रतिक्षालय निर्माण | ४१५०००/- |
| ५१२ | २।२१ | ओम शान्ति भवन निर्माण | ९९९९१६/- |
| **जम्मा** | | | ९१,५४,५६८/- |

सैद्धान्तिक बेरुजु

३८ **लागत अनुमान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ (४) मा परामर्श सेवा र अन्य सेवाको लागत अनुमान अनुसूचि-१ को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सेवा परामर्श तर्फ तालिम गोष्ठि लगायतको काममा लागत अनुमान बेगर सुचिकृत कन्सल्टेन्सीहरुबाट दररेट माग नगरी कुनै एक आपुर्तकले पेश गरेको आर्थिक प्रस्तावको आधारमा सोही फर्मलाई काम गराएकोले विनियोजन भएको बजेट कै हाराहारीमा खर्च भएको देखियो । वास्तविक लागत यकिन नगरी आपुर्तकले पेश गरेको दरको आधारमा भुक्तानी भएकोले आपुर्तकलाई भुक्तानी भएको यथार्थ परक छ भन्ने देखिएन । नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरी सो दरमा प्रतिस्पर्धी गराएर खर्च राख्नु पदर्छ । यसका उदाहरण निम्नानुसार रहेकाछन्

| **भौ.नं.** | **मिति** | **कन्सल्टेन्सी नाम** | **कामको विवरण** | **रकम** |
|---|---|---|---|---|
| ७४५ | १२/२० | मैत्री समान नेपाल | उदघोषक तालिम | ५०,०००/- |
| ७३० | १२/१६ | मानव अधिकारको लागि महिला समाज | एकल महिला नेतृत्व विभाजन तालिम | ९९,६००/- |
| ९८६ | २/२६ | अपाङ्ग खेलकुद संघ | अपाङ्ग व्यक्तिहरुको क्षमता विकास कार्यक्रम | २,४९,६०१/- |
| ६२१ | ११/२१ | मैत्री समान नेपाल | जलवायु परिवर्तन अनुकलन सम्बन्धि तालिम | १,९९,१०६/- |
| ११ | ६/९ | रामग्राम प्रेश | युवाहरुको लागि आधारभूत प्रभावकारिता तालिम | १,९८,०००/- |
| ९८४ | २/२६ | प्रज्ञा परामर्श सेवा | सिलाई कटाई तालिमत्र | ४,९८,१६०/- |

सैद्धान्तिक बेरुजु

३९ **बढी भुक्तानी**

आर्थिक कार्यविधी तथा विभिन्न उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम खर्च गर्दा प्रमाण कागजातका आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष सुचना प्रकाशन खर्च वापत बुटवल मिडिया प्रकाशन प्रा.लि. ले पेश गरेको बिल रु.२६,६९६/- भुक्तानी गर्नपुर्नेमा रु.३१,६९६/- भुक्तानी भएकोले बढी भुक्तानी असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९७० |

४० **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन¸२०७४ को दफा ७७ मा आन्तरिक लेखापरीक्षणले औल्याएको कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणबाट औल्याएको देहायका कैफियतहरु अन्तिम लेखापरीक्षणको समयसम्म पनि बाँकी राखेकोले कानूनमा तोकेबमोजिम सम्परीक्षण गर्नुपर्ने रु.

| गो.भौ. | मिति | आन्तरिक लेखापरीक्षणको व्यहोरा | रकम | कैफियत |
|---|---|---|---|---|
| ३६६ | २०८०।१।६ | पोल बत्ती खरिद गरेकोमा खरिद आदेश र दाखिला रिपोर्ट पेश नभएको | ११८२८२ | नगरपालिका पुँजीगत |
| ३६९ | २०८०।१।६ | पम्पसेट¸मोटर र पाइप खरिद गरेकोमा खरिद आदेश¸दाखिला रिपोर्ट र हस्तान्तरण फाराम पेश नभएको - | ४९६९५८ | नगरपालिका पुँजीगत |
| ३७९ | २०८०।१।८ | डीपीआर वापत भुक्तानी गरेकोमा दाखिला रिपोर्ट पेश नभएको | १६८३७० | नगरपालिका पुँजीगत |
| ३९० | २०८०।१।१० | पोल बत्ती खरिद गरेकोमा खरिद आदेश र दाखिला रिपोर्ट पेश नभएको | १५०००० | नगरपालिका पुँजीगत |
| ६३५ | २०८०।३।१५ | फर्निचर खरिद गरेकोमा खरिद आदेश¸दाखिला रिपोर्ट र हस्तान्तरण फाराम पेश नभएको | १००००० | नगरपालिका पुँजीगत |
| ६०० | २०८०।३।१० | उपभोक्ता समितिलाई पाइप खरिद वापत भुक्तानी गरेकोमा लागत सम्झौता पेश नगरेको | ५११९८ | नगरपालिका पुँजीगत |
| १०८ | २०७९।७।६ | सडक हरियाली प्रवर्द्धन कार्य अन्तर्गत उपभोक्सा समितिलाई रु.११९८८९४।- भुक्तानी गरेकोमा लागत सहभागिता समावेश नगरी पुरै भुक्तानी गरेको | ५९९६६८ | संघीय अनुदान चालु |
| जम्मा | | | १६८४४७६ | |

| प्रमाण पेश नगरेको | १६,८४,४७६ |
|---|---|

४१ **इन्धन खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ । पालिकाले यो वर्ष ईन्धन शीर्षकबाट रु.५८,३३,९६३।खर्च लेखेको छ । प्रयोगकर्ता, प्रयोजन र भ्रमण दूरी लगायतका व्यहोरा खुलाई ईन्धन उपलब्ध गराउनु पर्नेमा सो बेगर तथा लगबुक तयार नगरी ईन्धन खर्च गरेको पाईयो। पालिकाले यस्तो कार्यमा सुधार गरी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने तथा खर्च गर्दा मितव्ययीरुपमा गर्ने प्रवन्ध मिलाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४२ **नगर शिक्षा प्रोफाइल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्च गर्दा प्रमाण कागजातका आधारमा गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले भौ.नं. १२१९ मिति २०८०/०३/२२ बाट नगर शिक्षा प्रोफाइल तयारी वापत आई.डी सोलुशन प्रा.लि. लाई रु.२,३४,०३६/- भुक्तानी भएकोमा सो नगर शिक्षा प्रोफाइलमा प्रविष्टि गरिएका डाटाहरु धेरै जसो गलत भएको, केरमेट समेत भएको र जिन्सी दाखिला समेत नभएकाले प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,३४,०३६ |
|---|---|

४३ **सम्पन्न प्रतिवेदन** (११२२-२०८०-३-२०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्च गर्दा प्रमाण कागजातका आधारमा गर्नुपर्ने व्यवस्था छ बाट मेयर युवा तालिम संचालन शिर्षकबाट ग्यालेक्सी सीप प्रशिक्षण केन्द्रलाई कम्प्युटर तालिम भुक्तानीमा सो कार्यक्रमको खर्चको प्रस्तावना माग गरेको पत्र, सहभागीहरुको हस्ताक्षर सहितको हाजिरी, अनुगमन प्रतिवेदन र कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६१,०२० |

४४ **नर्मस भन्दा बढी भुक्तानी** (१२२२-२०८०-३-२८):

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा दैनिक भत्ता उपयोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालीम भत्ता, स्थानीय भत्ता, वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने व्यवस्था छ ।त्यसै गरि अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ मा तालिम केन्द्र बाहेकका निकायबाट सञ्चालित तालिम कार्यक्रममा नगरपालिका स्तरिय कार्यक्रम भएमा प्रशिक्षकले कार्यपत्र बापत रु.८०० र कक्षा सञ्चालन बापत रु.७०० प्रति कक्षाका दरले पाउने व्यवस्था छ । कार्यालयले भौ.नं. १२२२ मिति २०८०/०३/२८ मा मेलमिलापकर्ता र न्यायिक समितिका पदाधिकारीहरुको लागि मेलमिलाप सम्बन्धि पुनः ताजगी तालिममा विभिन्न तालिम कार्यक्रमका प्रशिक्षकले दैनिक भ्रमण भत्ता र निर्देशिकाले तोकेको भन्दा बढी प्रशिक्षक भत्ता भुक्तानी भएकोमा बढि भत्ता भुक्तानि भएकोमा सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| प्रशिक्षकको नाम | सेसन | भुक्तानी | नर्मस अनुसार | करकट्टी | बढी भुक्तानी | कार्यक्रम |
|---|---|---|---|---|---|---|
| सिताराम अधिकारी | ६ | १५०००/- | ९०००/- | २२५०/- | ५१००/- | प्रशिक्षक भत्ता |
| सिताराम अधिकारी | ६ | १५०००/- | ९०००/- | २२५०/- | ५१००/- | प्रशिक्षक भत्ता |
| सिताराम अधिकारी | - | ५२००/- | २०००/- | - | ३२००/- | प्रशिक्षक भत्ता |
| सिताराम अधिकारी | - | ५२००/- | २०००/- | - | ३२००/- | प्रशिक्षक भत्ता |
| **जम्मा रकम रु.** | | | | | **१६,६००/-** | **दै.भ्र. भत्ता र प्रशिक्षक भत्ता दोहोरो भुक्तानी** |
| दिनेश चन्द्र त्रिपाठी | ६ | १५०००/- | ९०००/- | २२५०/- | ५१००/- | प्रशिक्षक भत्ता |
| दिनेश चन्द्र त्रिपाठी | | १५०००/- | ९०००/- | २२५०/- | ५१००/- | प्रशिक्षक भत्ता |
| दिनेश चन्द्र त्रिपाठी | | ५२००/- | २०००/- | - | ३२००/- | प्रशिक्षक भत्ता |
| दिनेश चन्द्र त्रिपाठी | | ५२००/- | २०००/- | - | ३२००/- | प्रशिक्षक भत्ता |
| **जम्मा रकम रु.** | | | | | **१६,६००/-** | **दै.भ्र. भत्ता र प्रशिक्षक भत्ता दोहोरो भुक्तानी** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,२०० |

४५ **कार्य सम्पन्न पेश**

सार्वजनिक खरिद ऐन २०६३ को नियम १२५ अनुसार निर्माण कार्यको अन्तिम विल भुक्तानीका बखत नापी किताब उपभोक्ताको विल र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष वडा नं. २, ३, ६ नालमा सरसफाई कार्य गर्न डोजर भाडामा लिई कार्य गरेको उल्लेख गरि रु.६६४०००।सरसफाई सुपर भाईजर बिष्णु यादवलाई भुक्तानी दिएकोमा उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको हुँदा कार्यसम्पन्न प्रतिवेदन लगायत उक्त कार्य भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,६४,००० |

४६ **बिल भरपाई**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली ०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम प्रष्ट गर्ने विल भरपाई प्रमाण र कागजातका आधारमा हुनुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १०३७ मिति ३/७ बाट २ नम्बर वडामा स्ट्रीट पोल लाइट खरिद वापत भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७१,७४३ |

४७ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सुचना प्रणाली (व्यवस्थापक तथा निर्देशिका, २०७१ को बुदा नं. ४.१) मा कुनै सरकारी निकायले आफ्नो कार्य विधुतिय माध्यमबाट संचालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको नियार्थ गर्दा वा त्यस्तो प्रणाली सम्बन्धित कागजात तयार गर्दा मानव अनुरुप भए नभएको निर्धारण गर्न सुचना प्रविधि विभागबाट स्वीकृती गराउनु पर्ने व्यवस्था छ ।पालिकाले यस बर्ष होभर टेक्नोलोजी प्रा.लि.बाट अनलाईबाट सिफारिसको पत्र तयार गर्ने सफ्टवेयर खरिदमा उक्त नियमको पालना नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

४८ **सिमा नघाई खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुनेगरी खरिद गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावलीमा १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने सकिने, १० लाख माथिक रु २० लाख सम्म सिलबन्दि दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस्तै सोझै खरिद गर्दा एक आर्थिक बर्षमा एक फर्मबाट एक पटकमा १० लाखको सिमा भन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । पालिकामा यस बर्ष गाडी मर्मत वापत पटक पटक गरी न्यू लक्ष्मी अटोमोबाइल्स सेन्टरलाई ११,०४,९२०/- को बिल भुक्तानी भएकोमा नियम सम्मत नदेखिएको रु

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४९ **शिर्षक फरक पारी खर्च**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वियन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । पालिकाले माहामारी नियन्त्रणको लागि स्वास्थ्य सुरक्षा सामाग्री खरिद शिर्षकबाट मेशनरी औजार अन्तर्गत लुम्बिनी एक्सरे सेन्टरलाई प्रिन्टर खरिद वापत भुक्तानी दिइएको नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९५,२१९ |

५० **सम्झौता नभएको कार्य**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस बर्ष ठेक्का नम्बर RAM/EB/079/080/24 को सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएपश्चात उक्त कार्य गर्ने निर्माण व्यवसायी लुम्बिनी कन्स्ट्रक्सनलाई सम्झौतामा उल्लेख नभएका निम्न कार्य अन्तिम विलमा समावेश गरी भुक्तानी दिएको छ । सम्झौतामा उल्लेख नभएको कार्य बापतको भुक्तानी भएको रकम रु.२१,४२२। सम्बन्धीत निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु

| **कार्य विवरण** | **परिमाण** | **दर रु** | **रकम रु** |
|---|---|---|---|
| P:C:C ( Grade 15) between cuvert | १.५ घ.मि. | ८५०० | १२७५० |
| Bar reinforcement below road 12mm rod 8 | ४२.७२ के.जी | १०० | ४२७२ |
| RCC below road | ०.४ घ.मि. | ११००० | ४४०० |
| **जम्मा** | | | **२१४२२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,४२२ |

५१ **यातायात खर्च** (४२-२०७९-८-२२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ को भ्याक्सिनको डिजिटलाईजेसन तथा क्यू आर कोड प्रमाणिकरण कार्यक्रम २०७९/७/४ देखि तीन दिनसम्म कार्यालयको सभाहलमा सञ्चालन भएकोमा उक्त कार्यक्रममा सहभागी भए बापत कार्यालयका निम्न पदाधिकारी तथा कर्मचारीहरुले यातायत खर्च बुझेको पाइयो । कार्यालय सञ्चालन भएकै दिनमा कार्यालयमा नै सञ्चालित कार्यक्रममा कार्यालयकै पदाधिकारी तथा कर्मचारीहरुले यातायात खर्च बुझेको कार्य नियम सम्मत मान्न नसिकने रु.

| **कर्मचारीको नाम र पद** | **बुझेको रकम रु** |
|---|---|
| मान बहादुर खड्का( प्रमुख प्रशासकिय अधिकृत) | १७८५ |
| राम नरेश राय | १५०० |
| **जम्मा** | ३२८५ |

| | |
|---|---|
| अनियमित भएको | ३,२८५ |

५२ **प्रधानमन्त्री रोजगार**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष ५६ जनालाई औसत ९५.२३ दिनले ५३३३ दिन रोजगारी उपलव्ध गराई रु.३०,७७,१४१ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३ **बढि भुक्तानी** (८४-२०७९-११-२):

भ्रमण खर्च नियमावली, २०६४ को नियम २३ मा यस नियमावली बमोजिम पापउने सुविधा लिने प्रयोजनको लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुट्टा विवरण पेश गरी भुक्तानी लिन नहुने उल्लेख छ । फिल्ड सहायक उर्मिला जैसवालले२०७९।८।२१ देखि २०७९।८।२७ सम्म कार्यालयको कामको सिलसिलामा काठमाण्डौँ गएको भनि भ्रमण खर्च लिएको देखिन्छ । लेखापरीक्षणका लागि पेश भएका कागजात परिक्षण गर्दा निज कर्मचारीले २०२२ डिसेम्बर ८ (२०७९।८।२२) गतेको प्लेन टिकट पेश गरेकोमा २०७९।८। २१ देखिनै भ्रमण गरेको विवरण पेश गरेकाले २०७९।८।२१ को भ्रमण खर्च रु १२००। सम्बन्धितबाट असुल गरि संघीय राजश्वमा जम्मा गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०० |

५४ **भिजिटिङ्ग कार्ड**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । कार्यालयका कर्मचारी श्री ज्ञानेश्वर भण्डारीले सशर्त तर्फको सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सूचना सामाग्री उत्पादन तथा प्रकाशन शीर्षकबाट

निज कर्मचारीको भिजिटिङ्ग कार्ड छपाई गरे बापत रु १८०००। भुक्तानी लिएको पाइयो । सशर्त तर्फको रकमबाट व्यक्तिगत भिजिटिङ्ग कार्ड छपाउने कार्यमा भएको खर्च रु.१८०००। सम्बन्धीत कर्मचारीबाट असुल गरि संघीय राजश्वमा जम्मा गर्नुपर्दछ रु

| असुल गर्नुपर्ने | १८,००० |
|---|---|

५५ **इन्धन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट फिल्डमा खटिने कर्मचारीहरुलाई मासिक रुपमा इन्धन सुविधा उपलब्ध गराउँदै आएको मा पुनः आप्रवासी स्रोत केन्द्र व्यवस्थापनको कार्यक्रम सञ्चालनका क्रममा फिल्डमा खटिदा सवारी साधनमा भएको इन्धन(पेट्रोल) खर्च बापत यस कार्यालयका कर्मचारी नरेन्द्र प्रसाद यादवले निम्न उल्लेखित मितिमा इन्धनको बिल पेश गरी भुक्तानि लिएकोले दोहोरो पर्न गएको रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

| मिति | पेट्रोल लि. | दर प्रति लि. | भुक्तानी रकम रु | कैफियत |
|---|---|---|---|---|
| २०७९।१२।१० | २८ | १७९ | ५०१२ | सन्तोष आयल स्टोरको विल पेश भएको तर बिलमा संस्थाको छाप र क्रेताको नाम उल्लेख नभएको |
| २०८०।१।१५ | २९ | १७६ | ५१०४ | |
| २०८०।२।२५ | २९ | १७६ | ५१०४ | |
| **जम्मा** | **८६** | | **१५२२०।** | |

| असुल गर्नुपर्ने | १५,२२० |
|---|---|

५६ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यविधी, २०७५ को बुँदा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात बुँदा नं ५(४) वमोजिम स्थानीय तहसँग सम्झौता गरी पहिलो किस्तावापतको साठी प्रतिशत रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था छ । कार्यविधीको बुँदा ६ मा अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र कार्य नगरेका लाभग्राहीबाट पहिलो किस्ता रकम असुल उपर गर्ने उल्लेख छ । पालिकाले २०७९।८० मा निम्न अनुसार लाभग्राहीहरुलाई प्रथम किस्ता बापतको साठी प्रतिशत रकम भुक्तानी दिएको भए पनि निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन पेश गरी अन्तिम किस्ता लिएको देखिएन ।पालिकाबाट अनुबन्धित सबै लाभग्राहीहरुले लिएको पहिलो किस्ता उपयोग गरी सुरक्षित आवासतयार भएको प्रमाण पेश हुनुपर्ने रु.

| आर्थिक बर्ष | प्रथम किस्ता लिने संख्या | अन्तिम किस्ता लिने संख्या | बाँकि संख्या | ६० प्रतिशतले हुने कुल रकम |
|---|---|---|---|---|
| २०७९।८० | १३० | ४२ | ८८ | २६२६८०० |

| प्रमाण पेश नगरेको | २६,२६,८०० |
|---|---|

५७ **मोबाइल खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा

निम्न शिर्षकबाट मोबाइल तथा एसेसरिज खरिद गरेको पाइयो । व्यक्तिगत प्रयोगका यस किसिमका सामान खरिद गर्न नमिल्ने भएकोले यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।

| भौ.नं/मिति | खर्च शिर्षक | ब्राण्ड र संख्या | मुल्य रु |
|---|---|---|---|
| ११६।२०७९।७।२७ ( न.पा.पूँजीगत) | सामाग्री खरिद | रेड्मी(११५,८) १ | २९०२३ |
| | मोबाइल चार्जर | ४ | ५८४४ |
| | एम आइ एअरफोन | १ | १९४९ |
| ११५।२०७९।१२।१५ (सशर्त चालु) | आप्रवासी श्रोत केन्द्र सञ्चालन | हनर एक्स ६ | १८५५९ |
| जम्मा | | | ५५३७५ |

सैद्धान्तिक बेरुजु

५८ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) संग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी जम्मा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न पाइने व्यवस्था छ । तर वर्कचार्ज स्टाफ खर्च र अन्य खर्च अन्तर्गत कस्ता खर्च समावेश हुने नियममा स्पष्ट उल्लेख छैन । पालिकाले कन्टिन्जेन्सी कार्यकालागि रु.१३ लाख २७ हजार खर्च गरेको जनाएको छ ।कन्टिन्जेन्सी खर्चको गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५९ **सामानको गुणस्तर**

सार्वजनिक खरिद नियमावली¸२०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामानसम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न सडकमा विद्युतिकरणको लागि खरिद सम्झौता गरी प्राविधिकले तयार गरेको नापी किताव मुल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा निम्नानुसार भुक्तानी गर्ने गरेको छ । तर सो विद्युतिकरणमा प्रयुक्त ट्रान्स्फरमर¸पोल¸ तार¸ स्विच¸ बल्व लगायतका सामान भौतिक रुपमा गन्ति गर्दा वा नापजाँच गर्दा परिमाण पुगे पनि तोकिएको स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको परीक्षण गर्ने गरेको देखिएन । यसले गर्दा जडित सामानहरु छोटो अवधिमा बिग्रिने र मर्मतको आवश्यकता पर्ने सम्भावना रहन्छ । अत: नियमावलीको व्यवस्था बमोजिम निरीक्षण वा परीक्षण गर्ने व्यवस्था हुनु पर्दछ ।

| क्र.सं | शीर्षक | खर्च |
|---|---|---|
| | कृषिसिचाइको लागि विद्युतीय तार पोल पुरै वडा आवश्यकता | 296308.00 |
| | पुरै वडामासडकबत्ती | 99230.00 |
| | परासीभुमही सडकमा बत्ती व्यवस्थापन | 992546.00 |
| | पोल तारजडान तथा पोल तार ठाउँ सारी ब्यवस्थापन | 396033.00 |
| | पोल बत्तिमर्मत तथा जडान | 200000.00 |
| | पोल बत्तिमर्मत तथा जडान | 97253.00 |
| | पोल बत्तीमर्मत तथा जडान | 293971.00 |
| | पोलबत्तिमर्मत तथा जडान | 50000.00 |
| | पोलबत्तीजडान तथा मर्मत कार्य | 150000.00 |
| | पोलबत्तीमर्मत तथा जडान | 149154.00 |
| | बिजुली पोलबत्ती मर्मत जडान | 149375.00 |
| | बिजुलीबत्ती मर्मत | 195366.00 |
| | बोरिङ्गजडान | 246299.00 |
| | विद्युतियपोल बत्ती मर्मत तथा जडान गर्ने कार्य (अल्या) | 148728.00 |
| | विधुतपोलतार जडान कार्य | 99769.02 |
| | सडक पोलबत्ती जडान पुरै वडा अल्या. | 1469255.47 |
| | सडक पोलबत्ती मर्मत तथा नयाँ जडान | 439549.00 |
| | सडकपोलबत्ती जडान तथा मर्मत कार्य | 296744.00 |
| | सडक बोर्डनेपालको लागत सहभागीता | 3500000.00 |
| | सम्पुर्णवडाहरु भित्र पोलबत्ती व्यवस्थापन कार्य | 347801.00 |
| | **जम्मा** | 9617381.49 |

सैद्धान्तिक बेरुजु

६० **पौष्टिक आहार खरिद**

1. पौष्टिक आहार खरिद पालिकाले यो वर्ष गर्भवती तथा सुत्केरी आमाहरुको लागि तयारी पौष्टिक अहारा वितरण कार्यक्रमको लागि रु.२८३५०००।- बजेट विनियोजन गरेकोमा एकमात्र बोलपत्रदाता नेपाल स्वस्थ्य फुड इण्डष्ट्रिज प्रा.लि.बाट ३८३० किलोग्राम स्पेशल खिर र ३८३० किलोग्राम तयारी हलुवा खरिद गरी रु.२८११४४।१७ भुक्तानी गरेको छ । उक्त खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६०.१ गर्भवती तथा सुत्केरी आमाहरुलाई गाउँघरमा पाइने अन्नपात,गेडागुडी, माछामासु, अण्डा, दुध, मौसमी फलफुल तथा ताजा तरकारीको सन्तुलित भोजनमा प्रोत्साहन नगरी प्याकेट बन्द तयारी खिर र तयारी हलुवा वितरण गर्ने कर्यक्रम राखेको देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६०.२ सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा मालसामान खरिद गर्नु अघि प्राविधिक तथा गुणस्तरजन्य विशेषता र कामको आधारमा विवरण तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार लिनुपर्ने उल्लेख छ ।पालिकाले उक्त सामग्री खरिदको लागत अनुमान तयार गर्न मोरङ्ग जिल्लाका एक उद्योग र अन्य दुई फर्मबाट सङ्कलन गरेको दरभाउपत्रको औषत लिई लागत अनुमान पारेको देखिन्छ । दरभाउ दिने फर्ममध्ये एकमात्र तयारी दलिया, खिर, खिचडी र हलुवा उत्पादन गर्ने उद्योग रहेको र अरु दुई व्याग,जुत्ता,चप्पल,फिजिकल फिटनेसका उपकरण तथा खाद्य समग्रीको खरिद बिक्री गर्ने फर्महरु रहेकाले असम्बन्धित फर्महरुले दिएको दरभाउको आधारमा तायार गरेको लागत अनुमानले बजार मुल्यको प्रतिनिधित्व गर्ने देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

६०.३ पालिकाले अन्य बोलपत्रहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय प्रणाली अवलम्न गरेपनि यो खरिदको हकमा विद्युतीय प्रणाली अवलम्बन गरेको छैन । उक्त सामग्री आपुर्ति गर्न एकमात्र बोलपत्र दर्ता भएकोले सारभूत रूपमा प्रभावग्री भएको उल्लेख गरी पर्न आएको उक्त बोलपत्र स्वीकृत गरेको छ । उक्त खरिदमा प्रतिस्पर्धा भएको देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

६०.४ पालिका(प्रथमपक्ष) र आपुर्तिकर्ता नेपाल स्वस्थ्य फुड इण्डष्ट्रिज प्रा.लि.(दोस्रो पक्ष)बीच मिति २०७९।७।३० भएको खरिद सम्झौतामा प्रथमपक्षले सुरक्षित भण्डारण गर्नुपर्ने, प्याकेट खुल्ला नराख्ने, दिएको निर्देशन अनुसार बनाउने र खुवाउने कार्य गर्ने र गुणस्तर ह्रास आएमा प्रथमपक्ष जिम्मेवार हुने उल्लेख भएबाट गुणस्तरको दायित्व पालिकाले लिएको छ ।पालिकाले उक्त सामग्रीमा अखाद्य वस्तु रहे नरहेको र तोकिएको गुणस्तर रहे नरहेको सम्बन्धमा परीक्षण गरे गराएको समेत देखिएन

नियमावलीको व्यवस्था बमोजिम खरिद गर्ने मालसामानको प्रविधिक विवरण र प्रतिस्पर्धा सुनिश्चित नगरी भएको खरिद नियमसम्मत नभएको रु.

| अनियमित भएको | २८,११,१४४ |
|---|---|

६१ **खानेपानी पाइप**

जिल्ला प्रशासन कार्यालयले आ.व.२०७९।०८० का लागि तोकेको विभिन्न निर्माण सामाग्रिहरुको जिल्ला दररेट अनुसार खानेपानी पाइप (एच.डि.इ.पि. पाइप १.५ इन्च) जिल्ला दर मुल्य अभिबृद्धि कर बाहेक प्रति मिटर रु.१४९।०५ तोकेको छ । उक्त दरमा १३ प्रतिशत मुल्य अभिबृद्धि कर समवेश गर्दा प्रति मिटर पाइप दर रु.१६८।४२६५ पर्न जाने देखिन्छ । पालिकाले अविनास ट्रेडर्स, रामग्राम १० नवलपरासीबाट रु.१९३।५१ प्रतिमिटरका दरले २४०० मि. पाइप रु. ४,८१,०४१। मा खरिद गरी वितरणका गरेको पाइयो । स्वीकृत जिल्ला दर भन्दा बढि मुल्यमा खरिद गरेको कारण नगरपालिकालाई प्रति मिटर रु.४४।४६ का दरले हुन आउने रु.१,०६,७०४। सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,०६,७०४ |
|---|---|

६२ **अधुरो निर्माण कार्य**

६२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान

गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरोरहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यसायी | सम्झौता रकम | सम्झौता मिति | म्याद थप |
|---|---|---|---|---|
| RAM/Sunwal/EB/07/078/06 | खड्का ईगेस बिल्डर्स | ६७४०६८७।०७ | २०७७।९।२४ | ३ पटक |
| Ram/EB/077/078/65 | पाठक कन्स्ट्रक्शन | ७९४१७०।१० | २०७८।२।३ | ३ पटक |
| Ram/EB/077/078/83 | पाठक कन्स्ट्रक्शन | ३४५६९६३।५२ | २०७८।३।१४ | ३ पटक |

उल्लिखित ठेक्का सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्:

सैद्धान्तिक बेरुजु

६२.२ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा सार्वजनिक निकायँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगित नगरेमा निजसँगको सम्झौता अन्त्य गर्न सकिने र दफा ६३ बमोजिम कालोसूचीमा राख्न लेखी पठाउनुपर्ने व्यवस्था छ ।उक्त व्यवस्था खरिद सम्झौतामा पनि समावेश गरेको छ । लागत अनुमान रु.१¸२८¸५२¸२५८।- भएको रामग्रम-६ र सुनवल- ९ जोड्ने पोखरापाली काशिपुर खोलामा बक्स कल्भर्ट बनाउन मिति २०७८।३।१०सम्ममा काम सम्पन्न गर्नेगरी निर्माण व्यवसायी खड्का इगेश जे.भी.सँग मिति २०७७।९।२४ मा रु.६७४०६८६।०३ को खरिद सम्झौता गरेकोमा हालसम्म रु. ३२,२२,५०५।६५ भुक्तानी भएको छ । खरिद सम्झौताको अवधि तीन पटकमा मिति २०७९ पौष मसान्तसम्म थप भएकोमा व्यवसायीले उक्त कार्य पुरा नगरी अधुरो अवस्थामा छोडेको छ ।नगर कार्यापलकाले



२०८०।२।३० मा उक्त खरिद सम्झौता गर्दा राखेको कार्य सम्पादन जमानत जफत गरी कालोसूचीमा राख्न लेखी पठाउने निर्णय गरेकोमा सम्झौताको अन्त्य¸ जमानत जफत लगायतको कार्यवाही गरेको छैन । लामो समय सम्म काम अधुरो राखेको कारण माथिल्लो भागको डण्डीमा खिया लागि गुणस्तरमा ह्रास आउने अवस्था समेत रहेको छ । अत: कार्यपालिकाको निर्णयबमोजिम कार्य सम्पादन जमानत रु.२१¸९८¸५००।- जफत गरी कनूनबमोजिम प्रकृयाबाट बाँकी कार्य पुरा गराउनु पर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,९८,००० |

६२.३ सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको सुनिश्चतता गरेरमात्र बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान रु.१९¸८९¸८१९।७२ भएको रामग्राम-१२ शान्तिचोकमा रामग्रम चिल्ड्रेन पार्क निर्माण गर्न मिति २०७८।१०।२५ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।३।१४ मा निर्माण व्यवसायी पाठक कन्ष्ट्रकसनसँग रु३४५६९६३।५२ को खरिद सम्झौता भएकोमा निर्माण कार्य शुरु भएको छैन ।निर्माण व्यवसायीले निर्माणस्थल उपलब्ध गराउन पटक पटक निवेदन दिएपनि सो सम्बन्धी समस्या समाधान नगरी मिति २०७९।९।३० सम्म सम्झौताको अवधि थप गरेको देखिन्छ ।

त्यस्तै रावणखण्डा खोलामा कच्ची तटबन्ध निर्माण गर्न २०७८।३।२० सम्ममा काम सम्पन्न गर्नेगरी मिति २०७८।२।३ मा निर्माण व्यवसायी पाठक कन्ष्ट्रक्सनसँग रु.७९४१७०।- को खरिद सम्झौता भएकोमा सो तीन पटकमा मिति २०७९ पौष मसान्तसम्म म्याद थप हुँदा पनि निर्माणस्थल उपलब्ध गराउन नसकेको कारण काम शुरु भएको छैन । व्यवसायीले खरिद सम्झौत गर्दा पेश गरेको कृषि विकास बैङ्कबाट जारी रु.४¸८८¸०००।-कार्य सम्पादन जमानतको म्याद २०७९।८।२२ मा समाप्त भईसकेको छ ।

निर्माणस्थल सुनिश्चत नगरी खरिद सम्झौता गर्ने कार्य नियमसम्मत देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३ **मोविलाइजेशन पेश्कीको जमानत**

1. सार्वजनिक खरिद नियमावली¸ २०६४ मा पेश्की जमानतको म्याद पेश्की फर्स्योट गर्ने अवधिभन्दा कम्तीमा १ महिना बढी हुनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

रावणखण्डा घोलामा कच्ची तटबन्ध निर्माण गर्न मिति २०७८।२।३ मा निर्माण व्यवसायी पाठक कन्ष्ट्रक्सनसँग भएको रु.७¸९४¸१७०।- को खरिद सम्झौता बमोजिम निर्माण व्यवसायीलाई कृषि विकास बैङ्क परासीबाट जारी बैङ्क जमानतको आधारमा मिति २०७८।२।२५ मा रु.१५८०००।- मोविलाइजेशन पेश्की उपलब्ध गराएकोमा उक्त जमानतको अवधि मिति २०७९।८।२२ मा समाप्त भएको देखिन्छ । खरिद सम्झौता बमोजिम निर्माणस्थल उपलब्ध हुन नसकी कार्य शुरु नगरेको अवस्थामा सो पेश्की दिन नमिल्ने र जमानतको मान्य अवधि समेत समाप्त भएकोले उक्त पेश्की फिर्ता गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | १,५८,००० |

६४ **इन्धन खपत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸२०६४ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति हाँसिल भएको¸कामको गुणस्तर र परिमाण समेत सन्तोषजनक भएको विषय सनुश्चित हुनपर्ने व्यवस्था छ । पालिकाले नदि सरसफाइ कार्य अन्तरगत चालकको ज्याला तथा खाना खाजामा रु.२०९०५५।- र आफ्नै स्वामित्वको एक्साभेटरको लागि इन्धनमा रु.२३२६८४२।- समेत रु.२५३५८९७।- खर्च लेखेको छ । तर पालिकाले उल्लिखित उपकरणमा प्रयोग भएको इन्धन तथा अन्य खर्चबाट सम्पादन भएको कामको परिमाण मुल्याङ्कन गरेको देखिएन । उक्त खर्चको मुल्य सार्थकता (VFM) सुनिश्चित गर्न सम्पन्न भएको कामको प्राविधिक मुल्याङ्कन प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,३५,८९७ |

६५ **जडानको प्रमाणः**

सासार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायल कुनै विल विजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले सम्झौता, नापी किताब संलग्न नगरी देहाय बमोजिमको कार्यक्रमबाट विभिन्न साइजका पाइप तथा ह्युम पाइप खरिद गरी वितरण गरेको देखिएकाले खरिद भएका पाइप तथा ह्युम पाइप जडान भएको नापी किताब र कार्य सम्पन्न प्रतिवेदन सहितको प्रमाण पेश गर्नुपर्ने रु

| भौ।नं।।मिति | कार्यक्रम | आपुर्तक | साइज | सामाग्रि विवरण | रकम रु |
|---|---|---|---|---|---|
| ९६।२०७९।६।१३ | पाइप खरिद | अविनाष ट्रेडर्स, रामग्राम | 50mm HDP pipe | २४००० मि। | ४८१०४१। |
| ४९७ ।२०७९।९।१८ | ह्युम पाइप | एम.के.इण्डस्ट्रिज प्रा.लि. | NP3 90 cm | ५ थान | २११७३३।७५ |
| | | | NP3 60 cm | ५ थान | ११६८८४।३७ |
| | | | NP3 45 cm | ४ थान | ६८१९५।५ |
| **जम्मा** | | | | | **८७७८५४।६२** |

| प्रमाण पेश नगरेको | ८,७७,८५५ |
|---|---|

६६ **बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निरम्ण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले सडक निर्माण सम्बन्धी कार्यमा उपभोक्ता समितिहरुलाई पि.सि.सि र ढुङ्गा सोलिङ्ग गर्ने कार्यको दर विश्लेषण गर्दा श्रमिकको ज्यालामा समेत मुल्य अभिबृद्धि कर थप गरी दर बिश्लेषण गरेकोले वास्तविक दर रु.११५०७।५ र रु.४३१७। ७८ हुनेमा क्रमशः पि.सि.सि र ढुङ्गा सोलिङ्गको क्रमश: रु.११६९४।९१ र रु.४४८१।५८ कायम भएकोले नमुना छनौटमा परेका देहायका बमोजिम रु.७७¸१५७।(उपभोक्ताको अंश कट्टि पश्चात)- यसै बमोजिम र अन्य योजनाहरुका सम्बन्धमा पालिकाबाट नै यकिन गरी बढि भुक्तानि भएको रकम असुल गर्नुपर्ने रु

| **योजनाको नाम** | **बढि भुक्तानी भएको दर (प्रति घ.मि.)** | | **खुद भएको कार्य (घ.मि.)** | | **बढि भुक्तानि रु** |
|---|---|---|---|---|---|
| | **पी.सी.सी** | **सोलिङ्ग** | **पी.सी.सी** | **सोलिङ्ग** | |
| बिच गाउँको इनार देखी पूर्व तर्फ बहादुर घर्तीको घर सम्म पी.सी.सी | १८७.४१ | १६३.८ | २८.४ | २८.४ | ८४७८ |
| शिवानगढ सडक ढलान | १८७.४१ | १६३.८ | ४९.०२ | ० | ७८०९ |
| शिवमार्ग पी.सी.सी ढलान | १८७.४१ | १६३.८ | ४७.१४ | ४७.१४ | १४०७३ |
| घेराई टोल सुकुमायाको घर देखी पूर्व सडक स्तरोन्नती | १८७.४१ | १६३.८ | ४०.१ | ३५.२ | ११२८९ |
| चम्कीपुर मनोज हरिजनकव घरदेखी विद्यालयको गेट सम्म पी.सी.सी. ढलान तथा ढल निकास | १८७.४१ | १६३.८ | ५१.९९ | ० | ८२८२ |
| नदिया टोल बाटो पि सी सी ढलान | १८७.४१ | १६३.८ | ३७.०१ | २९.६१ | १००१८ |
| नरेन्द्र भट्टराई देखि हरिहरको घर सम्म पि.सी.सी ढलान | १८७.४१ | १६३.८ | २२.३२ | २४.३४ | ६९४४ |
| सितापुर घरवासुको घर देखि फेकु केवतको घर सम्म बाटो ढलान | १८७.४१ | १६३.८ | ३६.९९ | ३१.४ | १०२६४ |
| जम्मा | | | | | ७७१५७ |

| असुल गर्नुपर्ने | ७७,१५७ |
|---|---|

६७ **फरक नर्म्स**

सार्वजनिक खरिंद नियमावली, २०६४ को नियम १७ मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सड़क तर्फको संरचना निर्माण गर्दा सडक विभागबाट २०७५।०५।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स प्रयोग नगरी फरक नर्म्सको (डोली, भवन) प्रयोग गरेकों देखियो | सड़कको लागि स्वीकृत नर्म्सको प्रयोग गरी दरविश्लेषण गर्दा पि सि सि ९२४ को प्रति घ.मि.रू ८६४४। हुने देखिन्छ । तर पालिकाले लागत अनुमान गर्दा सड़क निर्माणको लागि स्वीकृत भएको दर विश्लेषणको प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको छ | जसअनुसार देहायका योजनामा उपभोक्ता समितिसँग लागत अनुमानकै दरमा सम्झौँता भई सोही दरमा भुकतानी भएकोले पालिकालाई देहाय बमोजिम थप व्ययार परेको रू.

| योजनाको नाम | परिमाण (घ.मि.) | भुक्तानि भएको दर रु | बढि भुक्तानी भएको दर | बढि भुक्तानी रकम रु |
|---|---|---|---|---|
| रमेश गिरीको घर देखि गुलाव चन्दको घरसम्म सडक निर्माण | ३२.९७ | ११३१९.८५ | २६७५.८५ | ८८२२३ |
| कसिया गाउँ देखि पोखरीसम्म ढलान गर्ने कार्य | २४.८३ | ११८७२ | ३२२८ | ८०१५१ |
| कल्भर्ट निर्माण कार्य हकुई | ३.५६ | ११९४३ | ३२९९ | ११७४४ |
| बाउण्ड्री निर्माण तथा माटो पुर्ने कार्य राजेश्वरी प्रावि | १.३९ | १२८९५ | ४२५१ | ५९०९ |
| आवश्यक पुर्वाधार निर्माण | १.४१ | ११३१९.८५ | २६७५.८५ | ३७७३ |
| पिपरहियमा नाला निर्माण | ९.८२ | १२००० | ३३५६ | ३२९५६ |
| आवश्यक पुर्वाधार निर्माण | ११.४ | ११३१९.८५ | २६७५.८५ | ३०५०५ |
| नाथु केवटको घर देखि मुन्ना यादवको घरसम्म सडक निर्माण | ८.३९ | १०००० | १३५६ | ११३७७ |
| छन्नाको घर देखी मोस्तकनिको घर सम्म माटोपुरी ग्राभल | १.१३ | ११३१९.८५ | २६७५.८५ | ३०२४ |
| जमुनहिया वखरी कायादेवी मन्दिर अगाडी बाटो निर्माण | १.७६ | ११३१९.८५ | २६७५.८५ | ४७०९ |
| ठूलो कुनवार भित्रि बाटो निर्माण | ४६ | ११३१९.८५ | २६७५.८५ | १२३०८९ |
| **जम्मा** | **१८१.४५** | | | **३,८९,५५१।** |

| असुल गर्नुपर्ने | ३,८९,५५१ |
|---|---|

६८ **खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा एक आपसमा अन्तर सम्बन्धीत कार्यहरुलाई एउटै प्याकेज बनाइ खरिद गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले नगरपालिका भरिका सडक बत्ती मर्मत तथा नयाँ जडानका लागि बर्षभरिमा पटक पटक गरी रु.३१,१८,२६८। खर्च गरेको देखिन्छ । यस कार्यका लागि कोटेशन विधिबाट रु.१,००,०००।देखि ९,८८,७४३। सम्मका सामाग्रीहरु खरिद गरेको देखिन्छ । यसरी एकै प्रकृतिको कार्यलाई टुक्रापारि पटकपटक प्रतिस्पर्धा सिमित हुने गरी खरिद नगरी एउटै प्याकेज बनाई खरिद कार्य गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६९ **दरभाउपत्र**

सार्वजनिक खरिद ऐन¸२०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गर्न नहुने¸ सार्वजनिक खरिद नियमावली¸२०६४ को नियम ७ मा खरिद गुरु योजनामा अधिकतम प्रतिस्पर्धाको लागि खरिदलाई टुक्र्याइने वा प्याकेज बनाइने व्यहोरा खुलाउनु पर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष देहायका कार्यहरु रु.१० लाख भित्रका लागत अनुमान तयार गरी १२१ वटा दरभाउपत्रको माध्यबाट कार्य गराई रु.६¸६७¸२७¸९२१।- भुक्तानी गरेको देखिन्छ । यस्तै किसिमको अन्य निर्माण कार्य बोलपत्रको माध्यमबाट माग गर्दा लागत अनुमानभन्दा ३६ प्रतशतसम्म घटीमा काम गर्ने गरी बोलपत्र परी स्वीकृत भएको अवस्था छ ।

पालिकाले कामको प्रकृति र स्थान अनुसार प्याकेज बनाई बोलपत्र माग नगरेकोले सीमित प्रतिस्पर्धा भई लागत अनुमानकै हाराहारीमा भुक्तानी भएको देखियो । पालिकाले निर्माण कार्य¸सेवा तथा मालसामानको प्रकृति अनुसार प्याकेज बनाई प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्दछ ।

| **गौ भौ** | **मिति** | **शीर्षक** | **खर्च** |
|---|---|---|---|
| ५०७ | २०८०।२।१७ | कृषिसिचाइको लागि विद्युतीय तार पोल पुरै वडा आवश्यकता | 296308.00 |
| ३४८ | २०७९।१२।२१ | पुरै वडामासडकबत्ती | 99230.00 |
| ५५९<br>६५९ | २०८०।२।३१<br>२०८०।३।२० | परासीभुमही सडकमा बत्ती व्यवस्थापन | 992546.00 |
| १९३ | २०७९।१०।६ | पोल तारजडान तथा पोल तार ठाउँ सारी ब्यवस्थापन | 396033.00 |
| १२९/<br>३६६ | २०७९।८।१२<br>२०८०।१।६ | पोल बत्तिमर्मत तथा जडान | 200000.00 |
| ६७१ | २०८०।३।२१ | पोल बत्तिमर्मत तथा जडान | 97253.00 |
| ४५२ | २०८०।२।१ | पोल बत्तीमर्मत तथा जडान | 293971.00 |
| ३६६ | २०८०।१।६ | पोलबत्तिमर्मत तथा जडान | 50000.00 |
| ३९० | २०८०।१।१० | पोलबत्तीजडान तथा मर्मत कार्य | 150000.00 |
| १७३ | २०८०।९।२७ | पोलबत्तीमर्मत तथा जडान | 149154.00 |
| १६७ | २०७९।९।२६ | बिजुली पोलबत्ती मर्मत जडान | 149375.00 |
| ४२५ | २०८०।१।२० | बिजुलीबत्ती मर्मत | 195366.00 |
| ५१ | २०७९।४।११ | विद्युतियपोल बत्ती मर्मत तथा जडान गर्ने कार्य | 148728.00 |
| ६८८ | २०८०।३।२२ | विधुतपोलतार जडान कार्य | 99769.02 |
| ११/१२१/२१०/ २२२/२२८/<br>३१४/५२५ | बिभिन्न | सडक पोलबत्ती जडान पुरै वडा अल्या. | 1469255.47 |
| ४३२ | २०८०।१।२५ | सडक पोलबत्ती मर्मत तथा नयाँ जडान | 439549.00 |
| १४४ | २०७९।९।१२ | सडकपोलबत्ती जडान तथा मर्मत कार्य | 296744.00 |
| ११७ | २०७९।७।२७ | सम्पुर्णवडाहरु भित्र पोलबत्ती व्यवस्थापन कार्य | 347801.00 |
| | | **जम्मा** | 5871082.49 |

सैद्धान्तिक बेरुजु

७० **सेनिटरी प्याड खरिद**

७०.१ सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ मा खरिद गरेका स्यानिटरी प्याडहरु तोकिए बमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाउनु पर्ने लगायतका व्यहोरा उल्लेख छ । पालिकाले सामुदायिक विद्यालयका विद्यार्थिहरुलाई वितरण गर्नका

लागि एन्जल टच हाइजिनिङ्ग म्यानुफ्याक्चरिङ्सँग मिति २०८०।२।२ मा ४३४५० प्याकेट स्यानिटरी प्याड प्रति प्याकेट रु. ४३।८४४ दरले रु.१९,०५,०२१।मुल्यमा खरिद गरेकोमा लेखापरीक्षणको समयसम्म पनि रु.१,३६,७९३। मुल्यको ३१२० थान पालिकामा मौज्दात रहेको छ । यस्ता सामाग्री शैक्षिक सत्र प्रारंभ हुँदा वितरण गर्न भ्याउने गरी खरिद व्यवस्थापन हुनसकेको देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

७०.२ पालिकाले गतवर्ष खरिद गरी विद्यालयकरुमा हस्तान्तरण गरी सकेपछि पुन: फिर्ता लिई गुणस्तर जाँच गरेको रु.१०१२५००।- मुल्यका २५००० स्यानिटरी प्याड प्रयोगयोग्य प्रमाणित भएपछि वडा कार्यालयहरुमा बुझाएको देखियो । सामुदायिक विद्यालयका छात्राहरुलाई लक्षित गरी खरिद भएका र वितरण समेत भईसकेका प्याडहरु फिर्ता खिची वडा कार्यालयलाई बुझाउने कार्य उपयुक्त देखिएन । उक्त प्याडहरु लक्षित वर्ग बुझाएको प्रमाण पेश हुनु पर्ने रु.

| प्रमाण पेश नगरेको | १०,१२,५०० |
|---|---|

७१ **नमुना विद्यालय अनुदान** (११७-२०७९-१२-२७):

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका¸२०७९।८० को बुँदा न ८.२ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक पूर्वाधार निर्माण कार्यका लागि प्रति विद्यालय बार्षिक रु.५० लाख देखि रु.१ करोडसम्म अनुदान उपलब्ध गराउन सक्ने र उक्त रकम विद्यालयसँग भाद्र मसान्त भित्र सम्झौता गर्नुपर्ने र विद्यालयले असार १५ सम्ममा कार्य सम्पन्न गरी सोको कार्यसम्पन्न प्रतिवेदन एक प्रति स्थानीय तहमा बुझाउनुपर्ने उल्लेख छ । अनुदान रकम सम्झौता गरी पहिलो किस्ता कुल अनुदानको ३० प्रतिशत दिई स्ट्रक्चरल कार्य सम्पन्न भए पछि दोस्रो किस्ताको रुपमा ५० प्रतिशत र कार्य सम्पन्न भएपछि २० प्रतिशत अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले कार्यान्वयन पुस्तिका बमोजिम किस्तामा रकम उपलब्ध नगराई श्री आदर्श मा.वि. परासीलाई एकमुष्ट रु.५० लाख निकासा दिएको छ । लेखापरीक्षण अवधिसम्म पनि उक्त निर्माण कार्य सम्पन्न गरी नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गरेको नदेखिएकोले कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिमको कार्य सम्पन्न गरी प्रतिवेदन पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५०,००,००० |
|---|---|

७२ **पाठ्यपुस्तक दर**

आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७८।०६।३१ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को बुँदा नं २.८.३ को ३.१ मा पाठ्यपुस्तकको दर पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको दर अनुसार हुने उल्लेख छ । पालिकाले यस बर्ष पाठ्यक्रम विकास केन्द्रले २०७८।१२।२१ मा प्रकाशित दररेट भन्दा बढि दरमा पाठ्यपुस्तक बापतको रकम निकासा दिएको पाइयो । उल्लेखित भन्दा बढि दरमा भुक्तानी भएको रु.२०१६। सम्बन्धीत बिद्यालयबाट असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | कक्षा १२ को विद्यार्थि संख्या | कक्षा १२ को वास्तविक दर रु | पालिकाबाट भुक्तानि भएको दर रु | बढि दर रु | बढि निकासा रु |
|---|---|---|---|---|---|
| पवन उ मा वि | २८० | ३१६।७ | ३२३।९ | ७।२ | २०१६ |

| असुल गर्नुपर्ने | २,०१६ |
|---|---|

७३ **परम्परागत विद्यालय अनुदान** (२१२-२०८०-३-२०):

कार्यक्रम कार्यान्वयन पुस्तिका¸ २०७९।८० मा स्थानीय तहले सामुदायिक विद्यालयका रुपमा अनुमति लिई सञ्चालनमा रहेका परम्परागत विद्यालय यकिन गर्ने¸ यस प्रकारका विद्यालयले राहत शिक्षक दरवन्दी प्राप्त गरेको भए परम्परागत विद्यालय अनुदान उपलब्ध नगराउने लगायतका व्यवस्था गरेको छ । पालिका भित्र सञ्चालित दुई मदरसाले आधारभूत तहको शिक्षकको पारिश्रमिक त्रैमासिक रुपमा प्राप्त गरिरहेको अवस्थामा कक्षा १ देखि ५ सम्म सञ्चालित धार्मिक विद्यालय सरह रु.२¸४१¸०००।- दरले थप अनुदान समेत दिएकोले दोहोरो निकासा भएको रू.४८२००० असुल गर्नुपर्ने रू.

| सिनं | मदरसाको नाम | रकम |
|---|---|---|
| १ | मदरसा घोडपाली | २४१००० |
| २ | मदरसा हाटवजार (कक्षा १-५) | २४१००० |
| | जम्मा | ४८२००० |

| असुल गर्नुपर्ने | ४,८२,००० |
|---|---|

७४ **अनुगमन प्रतिवेदन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७८।७९ को सि.नं. २.८.९ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र आइसिटी ल्याव, पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रु. ६लाख ५० हजार अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश गर्नुपर्ने उल्लेख छ ।पालिकाले देहायबमोजिमका विद्यालयसँग अनुदान सम्झौता गरी रकम उपलब्ध गराएकोमा कामको विवरण र परिमाण सहितको सर्त उल्लेख भएको छैन । उक्त अनुदानबाट तोकिएको कार्य सम्पन्न भएको पुष्टी हुने अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.ृ्

| सि.नं. | विद्यालयको नाम | अनुदान कार्यक्रम | रकम |
|---|---|---|---|
| 1. | जनता आ.वि. जोकवार | विज्ञान प्रयोगशाला | ६५०००० |
| 2. | जनता मा.वि. देवगाउँ | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| 3. | उत्तम बालहित मा बि. उजैन | आइसिटी ल्याव स्थापना | ६५०००० |
| 4. | जनता आ वि प्रसावल | आइसिटी ल्याव स्थापना | ६५०००० |
| जम्मा | | | २६००,०००। |

| प्रमाण पेश नगरेको | २६,००,००० |
|---|---|

७५ **बढि तलब निकासा**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । नगरपालिकाले ज्ञान ज्योती आ.वि. धरमपुरकी शिक्षिक रुमा कुमारी भुषालको दोस्रो चौमासिकको तलब निकासा हुँदा शैक्षिक सत्र २०७९ का लागि पारित तलबि प्रतिवेदनमा निजले प्राप्त गर्ने ग्रेड संख्या ६ रहेकोमा बिद्यालयबाट ७ ग्रेड माग गरेको र पालिकाबाट विद्यालयको माग बमोजिमनै भुक्तानि भएकोले ग्रेड दर रु. ११५८। का दरले तीन महिनाको सञ्चयकोष सहित हुन आउने ग्रेड दर रु. ११५८। का दरले तीन महिनाको कुल रु ३८२१। बढि भुक्तानि भएको उक्त रकम निज शिक्षकबाट असुल गरिनुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,८२१ |
|---|---|

७६ **स्थानीय पाठ्यक्रम निर्माण**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सशर्त शिक्षा तर्फको सार्वजनिक बिद्यालयका बिद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान शिर्षकबाट सामुदायिक बिद्यालयका बिद्यार्थीहरुका लागि नयाँ पाठ्यपुस्तक खरिद गरि बितरण गर्नुपर्नेमा स्थानीय पाठ्यक्रममा आधारित ३१० थान पाठ्यपुस्तक छपाई बापतको रकम रु. ५,५४,५९१। भुक्तानि दिएको देखिन्छ । तोकिएको शर्त बाहेक अन्यत्र खर्च भएको रकम नियम सम्मत नभएको रु.

| अनियमित भएको | ५,५४,५९१ |
|---|---|

७७ **दिवा खाजा**

आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७८।०६।३१ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमे।का बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहद र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसै गरि उक्त अनुसूचिको दिवा खजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विवद्यालयमा दिवा खजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ । गाउँपालिकाबाट शसर्त अनुदानबाट कुल ३२ विद्यालयका लागि दिवा खाजा बापत रु ८७,८५,७६०।० चौमासिक रुपमा विद्यालयको खातामा विद्यार्थि हाजिरिका आधारमा रकम निकासा गर्ने गरेको पाइयो । यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिक युक्त खाने कुरा पाए नपाएको सम्बन्धमा कुनै निकायबाट अनुगमन हुने गरेको देखिदैन, जसबाट राज्यले विद्यार्थीहरुको स्वास्थ्य सुधारका लागि गरेको लगानी जोखिममा रहेको देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७८ **पारिश्रमिक कर**

आयकर नियमावली २०५९ को नियम ३१ मा कर्मचारीको वार्षिक रुपमा प्राप्त हुने रोजगारी आयमा लाग्ने करको दामासाहीको हिसावमा मासिक रुपमा अग्रिम कर कट्टि गर्नु पर्ने व्यवस्था छ । आयकर ऐन २०५८ को अनुसूची १ बमोजिम करको दर निर्धारण गरी कर कट्टी गरी पारीश्रमिक भुक्तानी गर्नुपर्नेमा कार्यालयले निम्नानुसार कर्मचारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिकमा अग्रिम कर कट्टा गर्दा घटी कट्टा गरिएकोले नपुग कर सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

| **पद** | **कर्मचारीको नाम** | **वार्षिक तलब** | **थप रकम** | **जम्मा आय कट्टी रकम बाहेक** | **कट्टि रकम (विमा सहित)** | **करयोग्य आय(४+चाड पर्व +पोशाक -५)** | **जम्मा कर** | **तिरेको कर** | **वाँकी कर** |
|---|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** |
| | रतन कुमार लाल दास | ५२४२६८ | १६५९८४ | ७८८०७६ | १४७६४२ | ७०७२२७ | १०७२२ | ९३३५ | १३८७ |
| | दयाराम नापीत | ५२४२६८ | २९९०४४ | १०२४८०८ | १५४०५६।८० | ७३८९६१ | १४५४१ | १२१०४ | २४३७ |
| | शम्भु प्रसाद चौधरी | ५२४२६८ | २९२६४४ | ८१६९१२ | १५२८९२ | ७३३७१९ | १३३७२ | १२१०५ | १२६७ |
| | राज कुमार श्रेष्ठ | ५२४२६८ | ३०२१९६ | ८२६५१८ | १५४६३९ | ७४१५८१ | १४१५८ | १२२६१ | १८९७ |
| **जम्मा** | | | | | | | | | **६९८८** |

| असुल गर्नुपर्ने | ६,९८८ |
|---|---|

७९ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ मा निर्माण व्यवसायी, आपूर्तीकर्ता, सेवा प्रदायक वा परामर्शदाताले यस नियम बमोजिम भुक्तानीको लागि पेश गर्ने रनिङ बिल वा अन्य कुनै बिल बिजकमा आपूर्तीकर्ता, निर्माण व्यवसायी वा परामर्शदाताले उल्लेख गर्नुपर्ने कुराहरु मध्ये आपूर्तीकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातको नाम र ठेगाना उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले औषधि खरिद कार्यमा निम्न बमोजिमका व्यहोरा देखियो । मिति २०७९।९।१८ मा औषधि खरिदको बोलपत्र मुल्यांकन

समितिको माइन्यूटमा सबै भन्दा कम रकम कबोल गर्ने फर्मको नाम प्रिन्स बिक्रम सप्लायर्स उल्लेख छ ।मिति २०७९।९।२० मा पालिकाले प्रिन्स मेडिको सप्लायर्स प्रा.लि. बुटबल ७ रुपन्देहीसँग सम्झौता गरेको र मिति २०७९।९।२९ मा प्रिन्स मेडिको सप्लायर्स प्रा.लि. रिम्दिकोट,४ भैरवस्थान पाल्पा भुक्तानीका लागि बिल पेश भएको छ ।बोलपत्र पेश गर्नेभन्दा फरक फर्मबाट आपूर्ति गराई भुक्तानी गरेको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९८,६३५ |

८० **बिलभरपाई** (८४-२०७९-११-२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्च गर्दा प्रमाण कागजातका आधारमा गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले विभिन्न सरुवा रोग नियन्त्रण तथा रोकथामका लागि सचेतना कार्यक्रमबाट कार्यालयका कर्मचारी सुरज हरिजनलाई रु.१२८५३। भुक्तानि दिएको देखिन्छ । लेखापरीक्षणको लागि पेश भएका श्रेस्तामा उक्त खर्च प्रमाणित गर्ने बिल भरपाई लगायतका अन्य कागजात संलग्न नगरी भुक्तानि दिएकाले प्रमाण कागजात वेगर भुक्तानी भएको रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,८५३ |

८१ **कृषि अनुदानको लागत अनुमान**

सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार लिनुपर्ने उल्लेख छ ।पालिकाले यो वर्ष मिनि ट्रिलर, स्प्रेयर, विद्युत मोटर, डिजल पम्पसेट लगायतका कृषिसँग सम्बन्धित औजार उपकरणहरु पचास प्रतिशत अनुदानमा उपलब्ध गराएको छ । अनुदान प्रयोजनको लागि लागत अनुमान गर्दा स्थानीय बजारबाट तीन खुल्ला दरभाउपत्र माग गरी प्राप्त औषत मुल्यलाई मात्र आधार लिएको छ ।तर पालिका वा पालिका रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, अन्य बजारको प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिने नगरेकोले लागत अनुमानले प्रचलित बजार मुल्यको प्रतिनिधित्व गरेको सुनिश्चित हुन सकेन । तीन बिक्रेताबाट लागत अनुमान प्रयोजनको लागि दरभाउपत्र माग गर्ने र उही तीन बिक्रेताबाटमात्र आपुर्तिको लागि दरभाउपत्र माग गर्दा प्रतिस्पर्धा सीमित हुन जाने भएकोले लागत अनुमान र आपुर्ति दुवै प्रयोजनको लागि लिने दरभाउपत्रको दायरा फराकिलो पार्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८२ **पकेट कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पकेट विकास कार्यक्रममा यस आर्थिक वर्षमा ५० प्रतिशत अनुदानमा खर्च भएको छ। पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि पटक पटक कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भए नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने यकिन नभएकोले अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अत: कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ। कृषि पकेट कार्यक्रम अन्तर्गत सञ्चालित केहि पकेट कार्यक्रमहरू:

| क्र.स | गो भौ नं र मिति | पकेट कार्यक्रमको नाम | भुक्तानी पाउने कृषक समुहको नाम | भुक्तानी रकम रु |
|---|---|---|---|---|
| १ | १३४-२०८०।१।२४ | तरकारी बालि पकेट निरन्तरता | हरियाली कृषक समूह | ५५४७२४ |
| २ | २३७-०८०।३।२३ | नयाँ तरकारी बालि | कोटहीमाई तरकारी बालि समन्वय समिती | ९६४१३५ |
| ३ | १३९-०८०।१।२५ | गहुँ बालि पकेट | | ११९१३७६ |
| **जम्मा** | | | | २७,१०,२३७। |

| सैद्धान्तिक बेरुजु |
|---|

८३ **अनुगमन भत्ताः**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा ८(५) मा सरकारी कामको सिलसिलामा अनुगमन तथा भ्रमणमा जाँदा कामसंग सम्बन्धित तीन जनाभन्दा बढी व्यक्ति जान पाईने छैन । अनुगमन भ्रमणबाट फर्केपछि अनुगमन प्रतिवेदन पेश गरेमा मात्र भ्रमण खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले सो मापदण्डको पालना गर्दै सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। नमूना छनौटका आधारमा लेखापरीक्षण गर्दा पालिकाले निम्नानुसारका कार्यक्रममा अनुगमन खर्च भुक्तानीमा मापदण्डको पालना नगरी ३ जना भन्दा बढी व्यक्तिलाई अनुगमन भत्ता भुक्तानी गरेको देखिएकोले नर्म्स भन्दा बढी भएको र रीत विपरित खर्च भएको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. / मिति | विवरण | अनुगमन भत्ता रकम | नपाउने अनुगमन भत्ता | कैफियत |
|---|---|---|---|---|
| ९७०-२०८०। २।२५ नपा चालु | वडा कार्यालय अनुगमन | ८०,००० | ३२,००० | १६ वडाको ३ जनाको दरले अनुगमन कर्ताले रु.४८,००० भुक्तानी पाउने बाँकी रु.३२००० असुल गर्नुपर्ने । |
| | प्रतिवेदन लेखन | २००० | १००० | रामलाल भुसालबाट प्रतिवेदन लेखनको नर्म्स भन्दा बढी भुक्तानी भएको कर बाहेकको रु.८५० असुल गर्नुपर्ने । |

| असुल गर्नुपर्ने | ३२,८५० |
|---|---|

८४ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३८,७४,२३६।०५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी सबै करदातालाई करको दायरामा ल्याउन पर्ने देखिन्छ । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

८५ **आय ठेक्का**

नगरपालिका कार्यपालिकाको मिति २०७९।८।८ को बैठकले तुरिया खोला र भलुही खोलाको प्रारंभिक वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन अनुसार निष्कासन गर्न सकिने परिमाण क्रमश: ५१४६३२.६० घनफिट र १८३५४७.६३ घनफिट नदिजन्य पदार्थको ठेक्का बन्दोवस्त गर्ने निर्णय गरेको छ । यो वर्ष तुरिया खोलाको भष्कट (माटो तथा सिल्ट मिसिएको नदिजन्य पदार्थ) निष्कासनको लागि ठेक्का व्यवस्थापन गरेपनि भलुही खोलाको आय ठेक्का बन्दोवस्त गरेको देखिएन ।कार्यपालिकाको मिति २०७९।९।२५ को

निर्णयले झरही तथा अन्य नदि सरसफाईबाट निस्किने नदिजन्य पदार्थ घाटगद्दी गरी बिक्री गर्ने व्यवस्था मिलाउने उल्लेख भएकोमा सो अनुसार बिक्री गरी आय प्रप्त गरेको देखिएन ।

त्यसै गरी कार्यपालिकाले मिति २०७९।१२।२९ मा विगतमा २ वर्षको लागि ठेक्कामा गएको २१ वटा पोखरीको ठेक्का अवधि २०७९ चैत्र मसान्तमा सकिएकोले आगामी ५ वर्षको लागि ठेक्का बन्दोवस्त गर्न रु.३४,१०,०००।- न्यूनतम कबोल अङ्क स्वीकृत गरेको छ । सोही निर्णयमा अन्य ५९ पोखरीको न्यूनतम कबोल अङ्क सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आए अनुसार कायम गर्ने गरी ठेक्का सूचना प्रकाशन गर्ने उल्लेख छ । पालिकाले सो अनुसारको आय ठेक्का बन्दबस्त गरी सबै वडामा रहेको पोखरीहरुको विवरण (लगत) तयार गरी आय ठेक्का बन्दोवस्त गरी आयमा वृद्धि गर्नुपर्दछ । पालिकाले आयका स्रोतहरुको पूर्ण उपयोग गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८६ **कार्य सम्पन्न प्रतिवेदनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि सार्वजनिक निकायको प्राविधिकले जाँचपास गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यस्था छ । निम्नानुसार योजनालाई रु. २४,९७,६५४।४३ भुक्तानी दिँदा कार्य सम्पन्न प्रतिवेदन वेगर भुक्तानी गरेको छ । उक्त निर्माण कार्यको नियमानुसार कार्यसम्पन्न पेश गर्नुपर्दछ रु.

| गो.भौ. नं/ मिति | ब.उ.शी.नं. | योजना/ कार्यक्रम | भुक्तानी |
|---|---|---|---|
| २१-२०८०।३।२२ | प्रदेश चालु | जनता माध्यामिक विद्यालय सुक्रौली २ कोठे भवन | २२२१८८२।४३ |
| १६०-२०७९।९।२२ | नपा पुजीगत | कब्रस्थान तारबार गर्ने कार्य | २७५७७२।- |
| जम्मा | | | २४,९७,६५४।४३ |

| प्रमाण पेश नगरेको | २४,९७,६४५ |
|---|---|

८७ **सार्वजनिक परीक्षणः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट सञ्चालन भएका योजनाको खर्च सार्वजनिक नगर्ने, गरेकोमा खर्चको यथार्थ तेरिज संलग्न नगर्ने जस्ता कानुनले तोकेका कार्य गरेको देखिएन । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा निम्नानुसार योजनाको रितपूर्वकको खर्च सार्वजनिक गरेको देखिएन । नियमको पालना हुनुपर्दछ ।

| गो.भौ. नं/ मिति | ब.उ.शी.नं. | योजना/ कार्यक्रम | भुक्तानी |
|---|---|---|---|
| २२-२०८०।३।२२ | प्रदेश चालु | उत्तम बालहित आ.बि. उजैनी | १९३२६३ |
| २१-२०८०।३।२२ | प्रदेश चालु | जनता माध्यामिक विद्यालय सुक्रौली २ कोठे भवन | २२२१८८२.४३ |
| २०-२०८०।३।२१ | प्रदेश चालु | पटखौली सडक ग्राभेल निर्माण | १५००००० |
| १९-२०८०।३।२० | प्रदेश चालु | सरस्वती मावि उपभोक्ता समिति | १९७३२० |
| ६-२०८०।२।१४ | प्रदेश चालु | जनता माध्यामिक विद्यालय सुक्रौली | ४७९९०३ |
| ७-२०८०।२।२१ | प्रदेश चालु | मदरसा निर्माण उपभोक्ता समिति | ४९८४७८ |
| ७६४-२०७९।१२।२६ | नपा चालु | खेलकुद कार्यक्रम | १००००० |
| जम्मा | | | १,०३,८१,६९३ |

सैद्धान्तिक बेरुजु

८८ **बैठक भत्ताः** (१२/ प्रदेश चालु-२०८०-३-१३):

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा ११(४) मा नियमित कामको लागि बैठक भत्ता प्रदान नगरिने, तर कानून बमोजिम गठित भएको समितिका लागि बैठक भत्ता भुक्तानी गर्न बाधा नपर्ने व्यवस्था छ । साथै लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ को दफा ४(च) मा न्यूनतम संख्यामा बैठक बसी कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले मुख्य मन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत खेलकुद प्रशिक्षक पदमा प्रशिक्षक पदपुर्ति गर्न मिति २०८०।२।२४ गते देखि असार १ गतेसम्ममा आधा घण्टाको फरक समय देखाई एकै दिनमा ३ पटकसम्म बैठक राखी बैठक संख्या १८ पुर्याई बैठक भत्ता भुक्तानी गरेको देखियो । यसरी एकै दिनमा आधा आधा घण्टाको समय फरक पारेर बैठक संचालन गरेर बैठक भत्ता भुक्तानी गरेको मनासिव देखिएन । तसर्थः दैनिक १ वटा बैठकको भत्ता बाहेक बढी बैठक संख्या देखाई बढी भुक्तानी भएको बैठक भत्ता सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | नाम पद | बैठक भत्ता दर | १८ बैठक मध्ये बढी भुक्तानी लिएको बैठक संख्या | असुल गर्नुपर्ने (कर बाहेक) |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत मान बहादुर खड्का | १५०० | ४ | ५१०० |
| २ | लेखा अधिकृत (सातौ) कुन्दन कुमार चौधरी | १५०० | ६ | ७६५० |
| ४ | रामलाल भुषाल | १५०० | १० | १२७५० |
| ५ | शिक्षा अधिकृत सुन्दर खनाल | १५०० | १० | १२७५० |
| ६ | ऋषिराम पौडेल | १५०० | २ | २५५० |
| ७ | टेकबहादुर पुन | १५०० | २ | २५५० |
| ८ | जितजंग के.सी. | १५०० | ६ | ७६५० |
| ९ | धर्मेन्द्र अग्रहरी | १५०० | २ | २५५० |
| १० | मेघराज गौतम | १५०० | २ | २५५० |
| ११ | पूर्णसिंह थापा | १५०० | २ | २५५० |
| जम्मा | | | | ५८६५० |

| असुल गर्नुपर्ने | ५८,६५० |
|---|---|

८९ **अनुगमन प्रतिवेदनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख(५) मा उपाध्यक्ष वा उप-प्रमुखको काम, कर्तव्य वा अधिकार अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने उल्लेख छ । यस पालिकाको विभिन्न योजना तथा कार्यक्रमको परीक्षण गर्दा निम्न योजना तथा कार्यक्रमको तोकिए बमोजिम अनुगमन भएको देखिएन । आंशिक रूपमा अनुगमन हुने गरेको पालिकाले जनाएको छ । प्रतिवेदन पेश भएका योजनाको प्रतिवेदन परीक्षण गर्दा समेत अनुगमन गरेको समय र मिति नखुलेको, अनुगमनमा संलग्न पदाधिकारीको विवरण नखुलेको, अनुगमनमा देखिएका ब्यहोरा र दिएको सुझाव समेत उल्लेख भएको देखिएन । तोकिए बमोजिम योजना तथा कार्यक्रमको ठोस अनुगमन भई प्रतिवेदन पेश नहुँदा योजना संचालनमा मितव्ययीता अपनाएको तथा तोकिएको गुणस्तरको निर्माण सामाग्री तथा वस्तु प्रयोग भएको सुनिश्चित गर्न नसकिने हुन्छ । अतः ऐनमा तोकिए बमोजिम योजना तथा

कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने देखिन्छ । (कब्रस्थान तारबार गर्ने कार्य बापतको रु २७५७७२ अघिल्लो बेरुजूमा समावेश भएकोले नजोडिएको)

| गौ भौ नं/ मिति | ब.उ.शी.नं | योजना | भुक्तानी रकम |
|---|---|---|---|
| १६०-२०७९।९।२२ | नपा पुजीगत | कब्रस्थान तारबार गर्ने कार्य | २७५७७२ |
| ८६२-२०८०।१।१९ | नपा चालु | बर्षे घासको विउ वितरण | ६३९२४० |
| ५१३-२०७९।१०।११ | नपा चालु | अपाङ्ग, जेष्ठ नागरिक, एकलमहिला सम्मान कार्यक्रम | २७९५१६ |
| जम्मा | | | ९,१८,७५६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,१८,७५६ |

९० **बिमा व्यवस्थाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रूपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च, निर्माण कार्यको कुनै भाग भत्काउन, हटाउन वा हानी नोक्सानी भए बापत हुने खर्च वा सो सम्बन्धि आनुषाङ्गिक खर्च समेट्नका लागि प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम वा अतिरिक्त रकम, निर्माणस्थलमा ल्याएको उपकरण र अन्य वस्तुको प्रतिस्थापन खर्च, निर्माण व्यावसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको नियम ११२(२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानी र निर्माण व्यावसायीको दायित्वहरूको बीमा गराउनुपर्ने उल्लेख छ। यस पालिकाले ठेक्का बन्दोबस्त गरेका निम्नानुसारका बीस लाख भन्दा बढीका निर्माण कार्यको खरिद सम्झौता गर्दा बीमा व्यवस्था नगरिएको देखियो। कार्यालयले खरिद सम्बन्धमा बोलपत्र सम्बन्धि कागजात तयार गर्दा नै नियमको पालना गर्नेतर्फ ध्यान नदिनु यसको कारण हो। यसबाट निर्माण कार्य तथा यन्त्र उपकरण तथा निर्माण संलग्न श्रमिक तथा अन्य व्यक्ति समेत जोखिममा रहने र प्रतिस्थापन खर्च व्यहोर्ने स्रोतको अभावमा निर्मित संरचनामा क्षति पुगेमा पुननिर्माण गर्न नसकिने र थप व्ययभार पर्ने देखिन्छ।अत: तोकिए बमोजिम बीमा गरी निर्माण गरिने योजनामा हुनसक्ने क्षति प्रतिस्थापनको व्यवस्था गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

| सि.नं | योजनाको नाम | कुल ल.ई. | निर्माण व्यबसायी फर्मको नाम / प्यान | सम्झौता रकम |
|---|---|---|---|---|
| १ | सडक कालो पत्रे गर्न कार्य रामग्राम | ४९९९०६०।७७ | शुभलक्ष्मी कन्स्ट्रक्सन प्रालि (३०५६४८५३२) | ४११७७९१।५९ |
| २ | फुलवारीया मुख्खन गोसाईको घर देखि हरिनन्द चौधरीको मिलसम्म बाटोस्तर उन्नती पुर्वाधार निर्माण | २५०८०४६।५८ | अजित कन्स्ट्रक्सन (३०४२९२३९६) | २०३३२६०।९८ |
| ३ | राष्ट्रिय मावि पंडितपुर भवन निर्माण रामग्राम १८ | १२९७८१३२।६१ | जनक जननी कन्स्ट्रक्सन प्रालि (६०९७८२८३९) | ८२३९९५६।०५ |
| ४ | हकुई देखि नीडियाहवा जाने बाटो कालोपत्रे गर्ने कार्य रामग्राम १६ | ४९९२२५७।९७ | जयसवाल कन्स्ट्रक्सन (३००११७४४०) | ४१४३७३२।६० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९१ **जिन्सी दाखिलाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (१ )मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सोको सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम कार्यालयले तोकिएको म.ले.प. फारामको ढाँचामा खर्च भएर जाने र नजाने जिन्सी खाताको अभिलेख राख्नुपर्दछ। कार्यालयको जिन्सी निरिक्षण प्रतिवेदन, जिन्सी किताब परीक्षण गर्दा र भौतिक रुपमा माग गर्दा उक्त प्रतिवेदन पेश भएन ।उक्त प्रतिवेदन समयमा प्राप्त भए नभएको पालिकाले छानविन गरी संस्थागत स्मृतिको लागि पुस्तकालयको कुञ्जिका वा जिन्सी खातामा जनाई अभिलेखमा राख्नुपर्दछ।

| भौचर नं / मिति | ब उ शी नं | जिन्सीको नाम | मूल्य |
|---|---|---|---|
| ८०९-२०८०।१।८ | नपा चालु | वडा कार्यालय भवनको डिपिआर | ३९३०६५ |

| प्रमाण पेश नगरेको | ३,९३,०६५ |
|---|---|

## ९२ वितरणमुखी खर्चः

पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रयोजनका आधारमा नगरपालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पुँजी सिर्जना नहुने प्रकृतिका कार्यक्रम जुन लाभग्राहीलाई वितरण गर्दा दीर्घकालिन पुँजी निर्माण नहुने र तत्काल मात्र राहत तथा उपयोगिता दिने स्थितिमा रहेका खर्चलाई नियन्त्रण गर्न आवश्यक देखिन्छ। ऐनमा संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत देखिदैन। नमुना छनौटको आधारमा परीक्षण गर्दा यस पालिकाले वितरणमूखी योजना कार्यान्वयन गरी निम्नानुसार खर्च गरेको देखिन्छ । पुँजीगत बजेटबाट वितरणमुखी कार्यमा खर्च गरेको मनासिव देखिदैन ।

| गो.भौ. नं/ मिति | ब.उ.शी.नं. | कार्यक्रम | रकम |
|---|---|---|---|
| ८४८-२०८०।१।१३ | नपा चालु | होलि मिलन कार्यक्रम | ४८६५० |
| ८१२-२०८०।१।८ | नपा चालु | युवा तथा बालबालिकालाई भलिबल वितरण | ९८२५१ |
| ८११-२०८०।१।८ | नपा चालु | कम्बल वितरण | १४५७७० |
| ७६४-२०७९।१२।२६ | नपा चालु | खेलकुद कार्यक्रम | १००००० |
| ८४२-२०८०।१।१२ | नपा चालु | मगर दिवश सास्कृतिक कार्यक्रम | १००००० |
| ७६२-२०७९।१२।२४ | नपा चालु | फुटबल खेल | १००००० |
| ८२४-२०८०।१।११ | नपा चालु | जेष्ठ नागरिक एकल महिला अति अशक्तलाई कम्बल वितरण | १९७३९९ |
| ८८१-२०८०।२।१ | नपा चालु | जेष्ठ नागरिक एकल महिला अति अशक्तलाई कम्बल वितरण | १७८६९३ |
| ९९१-२०८०।२।२९ | नपा चालु | खेलकुद सामग्री वितरण | ९९१०१ |
| ८८०-२०८०।१।३१ | नपा चालु | जेष्ठ नागरिक एकल महिला अति अशक्तलाई कम्बल वितरण | १८९८४० |

| सैद्धान्तिक बेरुजु |
|---|

## ९३ अभिमुखीकरण कार्यक्रमः (९६८-२०८०-२-२४):

नगरपालिकाले उपभोक्ता समितिका पदाधिकारीहरुलाई १ दिने अभिमूखीकरण तालिम नगरपालिकाको तालिम हलमा १० पटक सम्पन्न गरी अधिकृत (छैठौ) रामलाल भुसालको नाममा रहेको पेश्की रु.४८००००।- फर्स्योट गरी नपुग सोधभर्ना गरेको रु.१२००००।-

 https://nams.oag.gov.np

समेत रु.६०००००।- खर्च भएको देखिन्छ । उक्त कार्यक्रममा देखिएका व्यहोराहरु निम्नानुसार छनः

- पारिश्रमिक कर लगायतका कर कट्टा नगरी रामलाल भुसाललाई भुक्तानी दिएको देखिदा उक्त कर रकम रु.१४२३४ निजबाट असुल गरी राजस्वमा दाखिला गर्नुपर्ने रु.
- नगरपालिकाको तालिम हलमा संचालन भएको कार्यक्रममा यातायात खर्च भनी नगर उपप्रमुख श्री सम्झना चौधरीले रु ३००० बुझिलिएको देखिदा उक्त रकम निजबाट असुल उपर गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,२३४ |

९४ **भ्रमण खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा यस नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था उल्लेख छ । यस नगरपालिकाका देहायका कर्मचारीहरुको मुस्ताङसम्मको लागि २०७९।८।५ देखि २०७९।९।११ गतेसम्मको भ्रमण आदेश स्वीकृत भएकोमा १२ गतेसम्मको दैनिक तथा भ्रमण खर्च भुक्तानी भएको देखिएकोले स्वीकृति बेगर भुक्तानी भएको १ दिन बराबरको भत्ता असुल गर्नुपर्ने रु.

| क्र.सं. | नाम | रकम |
|---|---|---|
| 1. | रामलाल भुसाल | १६०० |
| 2. | जीतजंग केसी | १६०० |
| 3. | सुमन ज्ञवाली | १६०० |
| 4. | सुरज हरिजन | १६०० |
| 5. | अमृत भुसाल | १६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

९५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असूली | प्रतिशत |
|---|---|---|---|
| एकिकृत सम्पत्ति कर | 15000000 | 5998585 | 39.99 |
| भूमिकर/मालपोत | 10000000 | 7541146 | 75.41 |
| घरजग्गा रजिष्ट्रेशन | 50000000 | 48282608 | 96.57 |
| घरबहाल कर | 5000000 | 6578713 | 131.57 |
| सवारी साधन कर (साना सवारी) | 300000 | 0 | 0.00 |
| अन्य मनोरञ्जन कर | 5000 | 0 | 0.00 |
| अन्य कर | 50000 | 8100 | 16.20 |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | 7500000 | 12286518 | 163.82 |
| बन विक्रीवाट प्राप्त आय | 1200000 | 5099074 | 424.92 |
| दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय | 2500000 | 1573558 | 62.94 |
| शिक्षा क्षेत्रको आम्दानी | 300000 | 87500 | 29.17 |
| परिक्षा शुल्क | 500000 | 2400 | 0.48 |
| नक्सापास दस्तुर | 1000000 | 6637615 | 663.76 |
| सिफारिस दस्तुर | 6000000 | 5916111 | 98.60 |
| नाता प्रमाणित दस्तुर | 800000 | 178304 | 22.29 |
| अन्य दस्तुर | 6000000 | 4547248 | 75.79 |
| प्रशासनिक दण्ड जरिवाना र जफत | 500000 | 1600855 | 320.17 |
| व्यवसाय रजिष्टेशन | 5000000 | 3403138 | 68.06 |
| व्यवसाय कर | 3500000 | 471098 | 13.46 |
| जम्मा | 115155000 | 110212571 | 95.71 |

समग्रमा असुली अङ्क सन्तोषजनक रहेपनि कुनै शीर्षकमा छ गुणा बढी र कुनैमा शुन्य असुली भएबाट राजस्वको अनुमान वस्तुपरक देखिएन ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने पद्धति रहेकोले उल्लिखित असुलीले सबै करदातालाई समेट्न सकेको अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

९६ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीवाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७, को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। यस बर्ष नगरपालिकाले रु.२०,५७,१२,३२६।- सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः-

९६.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए

सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम मध्ये खर्च नभएको रु.६,८०,३१०।– संघीय संचित कोषमा फिर्ता भएको छ ।

सैद्धान्तिक बेरुजु

९६.२ सामाजिक सुरक्षा नियमावली¸ २०७६ को नियम ९ अनुसार प्रत्येक आर्थिक वर्षको भदौमसान्त भित्र लाभग्राहीको परिचयपत्र नविकरण गर्नुपर्ने र नियम ११ मा नियम ५ अनुसार छनौट भएका लाभग्राहीलाई निवेदन दिएपछिको महिनापछि भत्ता वितरण हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट नविकरण सम्बन्धमा विवरण प्राप्त नभएकोले यस सम्बन्धमा यकिन गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

९६.३ कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन ।

सैद्धान्तिक बेरुजु

९६.४ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

९६.५ कार्यविधिको अनुसूची ७ को बुँदा नम्वर ७ मा बैंक तथा वित्तीय संस्थाले सामाजिक सुरक्षा विशेष बचत खाताहरु मध्ये निष्कृय (डोरम्यान्ट) खाताको विवरण प्रत्येक वर्षको श्रावण र माघ महिनाभित्र केन्द्रीय पञ्जिकरण विभाग तथा कार्यालयलाई दिनुपर्ने उल्लेख छ । कार्यालयले निष्कृय खाताको विवरण यथासिघ्र यकिन गरी रकम बाँकी भए संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।
तसर्थ पालिकाले प्रचलित नियमावली तथा कार्यविधिको पालनामा ध्यान पुर्‍याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

९७ अनुगमन तथा सम्परीक्षणः

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको

बाँकी बेरुजु रु.१५,८६,२४,०००। रहेकोमा फस्योँट गरी सम्परीक्षणका लागि म्यानुअल प्रणाली मार्फत अनुरोध भएको मध्ये रु २६१३८१८१। बेरुजू फस्यौट भएको छ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **रामग्राम नगरपालिका, नवलपरासी** को २०७९।८० सम्मको फस्योँट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju | यो वर्ष कायम बेरुजू(C) beruju | संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju |
|---|---|---|---|---|---|
| १ | १५८६२४००० | २६१३८१८१ | ४२२१३८२७ | ० | १७४६९९६४६ |

९८ संपरिक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्योँट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु.१५,८६,२४,०००। मध्ये रु ३,८६,६८,६३५। फस्योँट गरी सम्परीक्षणका लागि म्यानुअल प्रणाली मार्फत अनुरोध गरेकोमा निम्न उल्लेखित व्यहोराका बेरुजू संपरिक्षण गरिएको छ । पेश भए मध्येका

आ ब २०७५।७६ को संपरीक्षणका लागि पेश भएका बाँकी दफाहरु २२.३, २४, २८, २९, ४९, ५२, ५५, ५८ र ६१ र आ.ब. २०७६/०७७ को दफा ४३,१२, ४.२, १३.१ र १३.२ को असुल भई नआएको, पेश्की फस्योँट र अन्यको प्रमाण कागजात पेश नभएकोले उक्त दफाहरु फस्योँट हुन नसकेको

| दफा नं | बेरुजूको संक्षिप्त व्यहोरा | आ.व= | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|
| ११ | सिमा भन्दा बढी रकमान्तर गरेको अनियमित | २०७५।७६ | नगरसभाको निर्णय बमोजिम | ६३५२८१ |
| १८ | योजना संशोधन अनियमित | २०७५।७६ | नगरसभाको निर्णय बमोजिम | २०९९२३८ |
| २० | सौर्य बत्ती जडाको गुणस्तर प्रमाण पेश | २०७५।७६ | गुणस्तर प्रमाण पत्र पेश भएको | २११८६४४ |
| २२.९ | उपभोक्ता समितिबाट जटिल कार्य अनियमित | २०७५।७६ | नगरसभाको निर्णय पेश भएको | १०४८६०६ |
| ३२ | गैर सरकारी संस्थाबाट कार्य अनियमित | २०७५।७६ | नगरसभाको निर्णय पेश भएको | १२७०००० |
| ३३ | गैर सरकारी संस्थाबाट निर्माण कार्य गराएको अनियमित | २०७५।७६ | नगरसभाको निर्णय पेश भएको | १५००००० |
| ३४ | कृषि अनुदान बितरणमुखी देखिएको अनियमित | २०७५।७६ | नगरसभाको निर्णय पेश भएको | २८९९५३२ |
| ३८ | अमानतबाट कार्य गराएको अनियमित | २०७५।७६ | नगरसभाको निर्णय पेश भएको | १४४०५७४ |
| ५३ | बिनियोजन भन्दा बढी खर्च अनियमित | २०७५।७६ | नगरसभाको निर्णय पेश भएको | १६९१३५ |
| ४.२ | दरबन्दी भन्दा बाहिरको करारमा कार्यरत कर्मचारीको तलब अनियमित | २०७६।०७७ | नगरसभाको निर्णय पेश भएको । | ९७६४६०५ |
| ४.४ | कर्मचारी प्रोत्साहन भत्ता | २०७६।०७७ | नगरसभाको निर्णय पेश भएको । | ५००९९४.४१ |
| १२.१.२ | निजी स्रोतका शिक्षकको तलब | २०७६।०७७ | नगरसभाको निर्णय पेश भएको । | २५९२८०२ |
| १२.४.१ | अनुगमन भत्ता | २०७६।०७७ | नगरसभाको निर्णय पेश भएको । | ९८७७० |
| जम्मा | | | | २,६१,३८,१८१। |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : रामग्राम नगरपालिका, नवलपरासी , रामग्राम नगरपालिका , नवलपरासी बर्दघाट सुस्ता पश्चिम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Man Bahadur Khadaka | २०७९-४-१८ | २०७९-९-१७ |
| कार्यालय प्रमुख | मोहन अर्याल | २०८०-६-१० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Rakesh Pandey | २०७८-९-२६ | २०७९-४-१७ |
| लेखा प्रमुख | kundan kumar chaudhary | २०७६-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,४८९,८३६ | ५,२४३,२५२ | ३२,४७२,९३९ | ० | ० | १,००७,८०० |
| | | | | **जम्मा बेरुजु रकम** | ४२,२१३,८२७ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | २२,६२४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३१६०५५१३६.७८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५५९६६८००० | चालु खर्च | ४९८७८६५४५.५५ |
| प्रदेश सरकारबाट अनुदान | ४९१८६७३५ | पूँजीगत खर्च | ३९५७६१९८४.३५ |
| राजश्व बाँडफाँट | १६२०८३०९८.०५ | वित्तीय/अन्य व्यवस्था | ३४१७३१९५०.०८ |
| आन्तरिक आय | ६००९०२६०.४६ | | |
| अन्य आय | २४६९६०६७९.८ | | |
| कुल आय | १०७७९८८७७३.३१ | कुल खर्च | १२३६२८०४७९.९८ |
| बाँकी मौज्दात | | १५७७६३४३०.११ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | ञटिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ९६,७५,९०,३८०.९३ | ७९,०२,०१,३१९.१४ | | ७९,०२,०१,३१९.१४ | ७३,७३,२२,१००.४८ | | ७३,७३,२२,१००.४८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ९०,१६,८५,६६८.०० | ७२,७९,५६,८३९.२० | ० | ७२,७९,५६,८३९.२० | ६९,२४,४९,६७६.९८ | ० | ६९,२४,४९,६७६.९८ |
| ११००० कर | ११ | २२,३९,३९,०००.०० | १७,५६,२१,३७९.१८ | ० | १७,५६,२१,३७९.१८ | २०,०८,१३,६७९.७७ | ० | २०,०८,१३,६७९.७७ |
| १३००० अनुदान | | ६३,०७,४५,६६८.०० | ५०,७७,४६,४८३.६९ | ० | ५०,७७,४६,४८३.६९ | ४५,९०,९२,०८१.८१ | ० | ४५,९०,९२,०८१.८१ |
| संघीय सरकार | १२ | ५७,३७,८८,०००.०० | ४६,२५,८०,७६८.२४ | ० | ४६,२५,८०,७६८.२४ | ४२,४५,००,५३१.९५ | ० | ४२,४५,००,५३१.९५ |
| प्रदेश सरकार | १२ | ५,०९,३६,०००.०० | ४,३२,०२,७१२.४५ | ० | ४,३२,०२,७१२.४५ | ३,२२,३६,५६३.०० | ० | ३,२२,३६,५६३.०० |
| अन्तरिक श्रोत | | ५५,०००.०० | ० | ० | ० | ० | ० | ० |
| स्थानीय तह | १२ | ३६,००,०००.०० | ० | ० | ० | ० | ० | ० |
| जनसहभागिता | | २३,६६,६६८.०० | १९,६३,००३.०० | ० | १९,६३,००३.०० | २३,५४,९८६.८६ | ० | २३,५४,९८६.८६ |
| १४००० अन्य राजस्व | | ४,६५,००,०००.०० | ४,४२,००,५१९.९० | ० | ४,४२,००,५१९.९० | ३,१४,४८,४७२.६७ | ० | ३,१४,४८,४७२.६७ |
| १५००० विविध प्राप्ति | | ५,०१,०००.०० | ३,८८,४५६.४३ | ० | ३,८८,४५६.४३ | १०,९५,४४२.७३ | ० | १०,९५,४४२.७३ |
| ३३००० दायित्व | | ० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ६,५९,०४,७१२.९३ | ६,२२,४४,४७९.९४ | | ६,२२,४४,४७९.९४ | ४,४८,७२,४२३.५० | | ४,४८,७२,४२३.५० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ६,५९,०४,७१२.९३ | ४,८६,७८,०९७.९४ | ० | ४,८६,७८,०९७.९४ | २,९९,७५,४१२.५० | ० | २,९९,७५,४१२.५० |
| धरौटी | | ० | १,३५,६६,३८२.०० | ० | १,३५,६६,३८२.०० | १,४८,९७,०११.०० | ० | १,४८,९७,०११.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १,३३,५३,७७,९५३.९३ | ९४,०१,३१,६९८.६७ | | ९४,०१,३१,६९८.६७ | ७२,७२,४५,५७८.६३ | | ७२,७२,४५,५७८.६३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,२६,९४,७३,२४१.०० | ८९,४५,४८,५२९.९० | | ८९,४५,४८,५२९.९० | ६९,१३,५८,०७६.८२ | | ६९,१३,५८,०७६.८२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २९,०८,०८,०३५.०० | २७,१८,२०,२८०.९९ | ० | २७,१८,२०,२८०.९९ | २३,७०,८०,०९६.३८ | ० | २३,७०,८०,०९६.३८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २७,२८,१९,५००.०० | १९,४१,९९,८३१.११ | ० | १९,४१,९९,८३१.११ | १६,८२,३०,६९१.३८ | ० | १६,८२,३०,६९१.३८ |
| २५००० सहायता (Subsidy) | १८ | २,४४,००,०००.०० | २,०१,५९,२५९.०० | ० | २,०१,५९,२५९.०० | २१,१९,१२६.०० | ० | २१,१९,१२६.०० |
| २६००० अनुदान | १८ | ४०,८०,०००.०० | २८,२३,१६३.०० | ० | २८,२३,१६३.०० | ५८,४५,२५८.०० | ० | ५८,४५,२५८.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ८८,७०,०००.०० | ८०,६५,३६३.४५ | ० | ८०,६५,३६३.४५ | २२,८८,६०३.०० | ० | २२,८८,६०३.०० |
| २८००० अन्य खर्च | १८ | ३८,००,०००.०० | १७,१८,६४८.०० | ० | १७,१८,६४८.०० | २८,६७,८१६.०० | ० | २८,६७,८१६.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ६६,४६,९५,७०६.०० | ३९,५७,६१,९८४.३५ | ० | ३९,५७,६१,९८४.३५ | २७,२९,२६,४८६.०६ | ० | २७,२९,२६,४८६.०६ |
| घ. अन्य भूक्तानी | | ६,५९,०४,७१२.९३ | ४,५५,८३,१६८.७७ | | ४,५५,८३,१६८.७७ | ७२,७२,४५,५७८.६३ | | ७२,७२,४५,५७८.६३ |
| कोषहरु | | ६,५९,०४,७१२.९३ | ३,७०,८२,१६८.७७ | ० | ३,७०,८२,१६८.७७ | २,३९,२६,४०६.११ | ० | २,३९,२६,४०६.११ |
| धरौटी | | ० | ८५,०१,०००.०० | ० | ८५,०१,०००.०० | १,१९,६१,०९५.७० | ० | १,१९,६१,०९५.७० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (३६,७७,८७,५७३.००) | (१४,९९,३०,३७९.५३) | | (१४,९९,३०,३७९.५३) | १,००,७६,५२१.८५ | | १,००,७६,५२१.८५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३२,०६,३०,४८४.६० | | ३२,०६,३०,४८४.६० | ३०,५०,७०,३७०.९३ | | ३०,५०,७०,३७०.९३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (३६,७७,८७,५७३.००) | १७,०७,००,१०५.०७ | | १७,०७,००,१०५.०७ | ३१,५१,४६,८९२.७८ | | ३१,५१,४६,८९२.७८ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १५,७६,५७,८३०.११ | | १५,७६,५७,८३०.११ | ३१,५१,४७,८३२.७८ | | ३१,५१,४७,८३२.७८ |



https://nams.oag.gov.np